# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल वहुधार्मिक, वहुसाँस्कृतिक, वहुभाषिक र वहुजातिय मानिसहरुको बसोवास भएको देश हो । यस किसिमको विविधतायुक्त विशेषता भएकोले यहाँका मानिसहरुको आ-आफ्ना जात, धर्म र बसोवास अनुसार फरक-फरक भाषा भाषी, मूल्य, मान्यता, प्रथा, परम्परा, संस्कृति, कला, रहनसहन रहेको पाइन्छ । यस प्रकार पृथक एवं विविधता युक्त भाषा भाषी जातजाति र सो बमोजिमको छुट्टाछुट्टै पहिचान भएको मानिसहरुको राज्यभएता पनि यता धर्म, भाक्षा, भाषी, जातजाति, संस्कृति, प्रथा, परम्पराकै आधारमा ती मानिसहरुको बीचमा वैमनश्यता, द्वेष, रीसराग द्वन्द्व नभई मेल मिलाप सहिष्णुता र एकता रही आएको छ र अरु राष्ट्र निर्माण र उत्थानको सवालमा सबै जातजाति भाषाभाषीहरुको समान र महत्वपूर्ण योगदान रहेको कुरा नेपालको इतिहासको हरेक कालखण्डको विभिन्न परिदृष्य र घटनाहरुले पुष्टि गर्दैछ ।

यसबाट के हुन्छ भने प्राचीन कालदेखि नै नेपालमा फरक फरक जातजाति भाषाभाषी र धर्मावलम्वीहरुको बसोवास रही आएको र सो बमोजिम पृथक रहन-सहन र मूल्य मान्यता भएको भएता पनि तिनहिरुको बीचमा वैचारिक रुपमा एकता थियो र छ पनि । यहाँसम्म कि नेपालमा जातीय र धर्मको आधारमा कहिल्यै भएको उदाहरण भेटिएको छैन । यस अर्थमा नेपालमा अनेकतामा एकता धार्मिक सहिष्णुता भएको देश हो भन्दा अतिशयोक्ति नहोला ( पाण्डे, २०६०) ।

भौगोलिक रुपमा नेपालको क्षेत्रगत विभाजन हेर्दा पहाड, तराई र हिमाल गरी तीन प्रदेशमा विभाजन गरेको पाइन्छ । क्षेत्रगत विभाजनसँगै क्षेत्रानुसार फरक फरक रहन-सहन, भाषा-भाषी, जातजाति, धर्म, संस्कृति कला र मूल्यमान्यता रहेको पाइन्छ र क्षेत्रगत हिसावमा पनि नेपाल आज पर्यनत द्वन्द्वको स्थिति पैदा भएको छैन । यस प्रकार भौगोलिक हिसावमा पनि विविधतायुक्त मानिसहरुको बसोवास रही आएको मुलुक नेपालको ४८.२३ प्रतिशत मानिस अन्नको भण्डार समथर भूमि तराइमा बसोवास गर्दछन् । यस प्रदेशमा थारु, धिमाल, कोचे मेचे, सतार, घाटुक झागड जस्ता आदिवासीको बसोवास रहेको पाइन्छ । त्यसैगरी पहाडी प्रदेशमा ४४.२८ प्रतिशत मानिसहरु बसोवास गर्दछन् । हिमाली प्रदेश जुन बसोवास र जीविकोपार्जनको हिसावले निकै कष्टप्रद भएकोले ७.२९ प्रतिशत मानिसहरु बसोवास गर्दछन् ( जनगणना २०५८, तथ्यांक विभाग) ।

यस प्रकार नेपाल धार्मिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक हिसावले निकै सम्पन्न भएता पनि आर्थिक दृष्टिकोणले मानवीय गरीबी सूचकांकमा ९ग्ल्मए ज्फ, म्भउ। चभउ, द्दण्ड० १०८ मुलुक मध्य ८४ औं स्थानमा रहेको छ । यो परिस्थिति श्रृजना हुनुमा प्रमुख रुपमा भौगोलिक विकटता भएता पनि राजनीतिक, सामाजिक लगायतका अन्य कारणले पनि नेपाल अति गरीब मुलकहरुको श्रेणीमा दर्ज हुन पुगेको हो ।

यो गरिबीको मात्रा अन्य जात जातिहरुमा भन्दा नेपालका आदिवासी जनजातिहरुमा बढी रहेको कुरा तथ्यांक भन्दा नेपालका आदिवासी जनजातिहरुमा बढी रहेको कुरा तथ्यांक विभागको आँकडा र विभिन्न अध्ययन अनुसन्धानबाट स्पष्ट हुन्छ । यिनै आदिवासी जनजातिहरु अन्तर्गत पर्ने माझी जातीहरु आर्थिक सामीजक लगायतका प्रसंगहरुमा पिछडिएको जातिको रुपमा परिचित छ । यहाँ विशेषतः सर्लाही जिल्लाको कर्मैया गा.वि.स. लाई अध्ययनको क्षेत्र बनाई प्रस्तुत सोधपत्र तयार गरिएको छ । यहाँ माझी जातिको वारेमा उल्लेख गर्नुभन्दा पहिले यो जाती आदिवासी जनजाति अन्तर्गतको जाती भएकोले आदिवासी जनजातिको वारेमा सामान्य परिचय दिनु सान्दर्भिक भएकोले आदिवासी जनजातिको वारेमा सामान्य परिचय उल्लेख गरिएको छ । जस अनुरुप आदिवासी जनजातिलाई नेपाल सरकारद्वारा

गठित जनजाति उत्थान प्रतिष्ठानको कार्यदलको प्रतिवेदनमा आधारित भएर परिभाषित गर्ने हो भने-

१. आफ्नै परम्परागत भौगोलिक क्षेत्र भएको,

२. आफ्नै छुट्टै लिखित अलिखित इतिहास भएको,

३. आफ्नो छुट्टै साँस्कृतिक सामूहिक पहिचान भएको,

४. आफ्नो छुट्टै परम्परागत रीतिरिवाज, भाषा, धर्म र संस्कृति भएको र

५. समुदायभित्र हामिले भावना भएका आधुनिक नेपालको राजनीत र राज्य सञ्चालनमा निर्णायक भूमिका नभएकाहरुलाई जातजाति भनेर परिभाषित गरिएको छ ( आदिवासी/जनजाति उत्थान राष्ट्रिय कार्यदल, २०५६) ।

नेपाल सरकारद्वारा सूचीकृत ५९ वटा जनजाति मध्ये माझीहरु अरु जातिभन्दा तुलनात्मक रुपमा सामाजिक, आर्थिक र साँस्कृतिक पक्षहरुमा पृथक पृष्ठभूमि बोकेको जाति हो । यिनीहरुको मूल बसोवास कोशीनदी र यसका सहायक नदीहरुको आसपास हुँदै अन्य क्षेत्रमा पनि बसोवास विस्तृत भै नेपालका ६८ जिल्लाका ५८८ गा.वि.स. हरुमा माझी जातिको बसोवास भएको पाइन्छ । २०५८ सालको जनगणना अनुसार माझीहरुको जम्मा जनसंख्या ७२,६१४ मध्ये पुरुष ३६,३६७ र महिला ३६,२४७ उल्लेख छ । जसमध्ये धेरै माझी जातिको बसोवास हुने जिल्ला मध्य सर्लाही जिल्ला पनि पर्दछ भने सर्लाहीमा माझीहरुको संख्या ४,९२० छ भने कर्मैयामा वडा नं ३, ७ र ८ मा माझीहरुको वस्ती रहेको छ । कर्मैयाको ३, ७ र ८ मा छुट्टै माझीहरुको टोल रहेको छ (तथ्यांक विभाग २०५८) ।

माझी जातिहरुको शारीरिक बनावट अन्य जनजातिहरु मध्ये मंगोलियन आकृति पनि देखिन आउँछ भने आर्यन आकृति पनि मिल्न आउँछ । राइ लिम्बु, गुरुङ, तामाङ भन्दा अलि फरक अग्ला, पातला हल्का रंगका हुन्छन् । (सुचना तथा सञ्चार मन्त्रालय, २०५२)

समग्रमा माझीहरु अन्य जातिहरु जस्तै ठिक्क उचाइ भएका कालो रंगको कपाल, शरीर ठीक्क पातलो, आँखाको रंग कालो, शरीरको रंग गहुगोरो र रातो वर्णका र झट्ट हेर्दा मंगोल जस्ता देखिन्छन् । माझीहरु भारतको सिन्ध प्रदेशबाट प्रवेश गरेका हुन् । (शर्मा २०४९)

यस जातिको संस्कार संस्कृति, रीतिथिति र परम्परा पनि हिन्दू धर्म र संस्कृतिको अतिक्रमणमा परेको छ । बच्चा जन्मदा छोरा भएमा भाले काट्ने छोरी जन्मिएमा पोथी काट्ने, विवाहमा बेहुला जानु नपर्ने, मरेको भोलिपल्ट अनिवार्य माछा चाहिने अन्तिम काममा सराद्मा बाजागाजा, ढोल मादल, झ्याली, घण्टी बजाएर नाचगान गर्ने अनौठो सँस्कृति रहेता पनि विभिन्न धर्मको प्रवाभ वाह्य सम्पर्क स्थानान्तर आदिको कारणले गर्दा यिनिहको संस्कृति दिन प्रति दिन लोप हुने दिशातर्फ गएको हुनाले यसले समग्र राष्ट्रकै मौलिक पहिचानमा असर पर्न सक्ने भएकोले यसको अध्ययन अनुसन्धान हुनु नितान्त जरुरी छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक, वहुसाँस्कृतिक वहुधार्मिक र वहुजातिय विशेषता युक्त राष्ट्र हो । नेपाल वहुविशेषतायुक्ता राष्ट्र भएकोले यहाँ जातजाति, भाषाभाषी, धर्म, साँस्कृतिक अनुसार फरक फरक रहन-सहन भाषा धर्म, मूल्य मान्यता प्रजा परमपरा रहेकौ पृथक पृथक भौगोलिक क्षेत्रमा यी जातजातिको बसोवास रही आएको पाइन्छ । यही विविध जातजातिहरुको मूल्य मान्यता परम्परा र सँस्कुति नै वास्तवमा नेपाल राज्यको मौलिक पहिचान र अमूल्य नीधि हो । यी सांस्कृतिक धार्मिक परम्परा देखि वाहेकका हरेक पक्षहरुमा नेपाल विश्व समुदायमा अत्यन्तै पिछडिएको छ । यस अवस्थामा सिंगो नेपालकै राष्ट्रकै उन्नति, प्रगति र विकासका खातिर आवश्यक अनुसन्धान अध्ययन हुनुपर्ने आवश्यकता छ ।

यस तथ्यलाई ममन् गर्दै नेपालका ५९ जनजाति मध्येका माझी समुदायको परम्परागत पेशा, माछा मार्ने, ढुङ्गा चलाउने, मर्चा बनाउने, जाँड बेच्ने, खेतीपाती र पशुपालन जस्ता पेशाका कारण शैक्षिक, आर्थिक र राजनीतिक रुपमा पिछडिएका हुन् जसको सुक्ष्म अध्ययन

गरी तिनीहरुको समुत्थान, समुन्नती र सम्वृद्धिको लागि के कस्ता योजना र रणनीति अपनाई देश निर्माणको मूल प्रवाह र देशको प्रशासनिक र शासन व्यवस्थामा उनीहरुको पहुँच बढाउन सकिन्छ भन्ने उद्देश्यले माझी समुदायको अध्ययन अनुसन्धान गरी माझी समुदायले भोग्नु परेका विद्यामान समस्याहरुको निराकरण गर्ने प्रयास प्रस्तुत सोधपत्रबाट गरिएको छ ।

हुन यस भन्दा अघि पनि माझी समुदायको वारेमा थुप्रै लेख रचनाहरु, खोज अनुसन्धान, अन्वेषण नभएको होइन । त्यस्ता पूर्व प्रकाशित लेख, रचना खोज अनुसन्धानले समग्र माझी समुदायको नाममा कुनै निश्चित क्षेत्रमा मात्र आधार बनाएर अध्ययन अनुसन्धान राखेबाट सो रचना र अनुसन्धान अपूरो र अपूर्ण रहेको तथा त्यसले कोशी तीर देखि वाहेक अन्य क्षेत्रमा बसोवास गर्ने माझी समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुको यथार्थ चित्रण हुन सकेको छैन । त्यस्तै उदाहरणको रुपमा काठमाडौं उपत्यका वरिपरीका तामाङ समुदाय र उपत्यका भित्रका नेवार समुदायहरुको पूर्व लेख रचना तथा अध्ययन अनुसन्धान प्रशस्त मात्रामा पाउन सकिन्छ ।

वास्तवमा अन्य जातजातिको तुलनामा अल्पसंख्यक रुपमा रहेका माझी  जातिको वारेमा यस भन्दा अघि खास ठोस अध्ययन अनुसन्धान हुन नसकेकोले नेपालको करीब ६८ जिल्लामा छरिएर रहेको भएता पनि राज्यबाट उपेक्षित हुनाले नेपालका सम्पूर्ण माझी समुदायको वास्तविक चित्रण गर्न वान्छनीय भएको एकातिर छ भने अर्को तिर समयको प्रवाह र विधान प्रविधिको चरम विकासले विश्व समुदायमा तिव्रतर परिवर्तन छाएको परिप्रेक्ष्यमा ज्यापु समुदायले परम्परागत रुपमा अपनाउँदै आएको डुङ्गा चलाउने, माछा मार्ने, जाँड बेचने, कृषि पशुपालन र उनिहरुको सामाजिक हैसियतमा समेत परिवर्तन आई सकेको र उनीहरुको पेशालाई समय सापेक्ष विकास उन्नती गर्न पनि तड्कारो आवश्यकता भएको एवं माझी समुदायको सामाजिक सांस्कृतिक पक्षहरुमा समेत सुधारात्मक र परिवर्तनगामी पाइला चाल्न आवश्यक रहेको छ । यिनै समस्या र प्रश्नहरुको सेरोफेरोमा प्रस्तुत अनुसन्धान केन्द्रित रहने छ, जसले ज्यापु समुदायको वास्तविक स्थितिको चित्रण गर्ने प्रयास गरिएको छ ।

माझी समुदायको आफ्नै मौलिक संस्कृति प्रथा परम्परा, रीतिरिवाज, रहन-सहन, मूल्य मान्यता, जीवनयापन शैली अर्थात बाँच्नका लागि परम्परागत रुपमा अपनाउँदै आएको माछा मार्ने, कृषि र पशुपालन पेशा गर्ने, कृषि र पशुपालन पेशामा हाल परिवर्तन र विचलन समेत आइसकेको र कतिपय माझी समुदायको साँस्कृतिक र परमपरागत धरोहरहरुमा समेत ऱ्हास आई लोप हुने अवस्थामा पुगिसकेको र परम्परागत रुपमा अपनाउँदै आएको माछा मार्ने, कृषि र पशुपालन पेशा छाड्दै जीवनयावनका लागि अन्य व्यवसाय, पेशा व्यापार र वैदेशिक रोजगारीमा समेत संलग्न भएबाट हाल उनीहरुको सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक अवस्था हैसियतको सम्बन्धमा युक्ति संगत र तथ्य युक्त ढंगबाट अध्ययन अनुसन्धान गर्ने प्रयास प्रस्तुत सोधपत्रमार्फत गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्यहरु

माझी समुदायको अध्ययन अनुसन्धान गरी माझी समुदायको विगत र हालको समस्याहरुको उजागर गरी त्यसको युक्ति संगत समाधानको बाटो पहिल्याउन प्रस्तुत सोधपत्रले निम्न बमोजिमको उद्देश्यहरु प्रक्षेपण गरिएको छ ।

क) माझी समुदायको सामाजिक अवस्थाको वारेमा अध्ययन गर्ने ।

ख) माझी समुदायको साँस्कृतिक अवस्थाको वारेमा अध्ययन गर्ने ।

ग) माझी समुदायको आर्थिक अवस्थाको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

अनुसनधान आफैमा महत्वपूर्ण विषय हो । प्रस्तुत सोधपत्र माझी समुदायको अध्ययन अनुसन्धान गर्ने प्रयोजनलाई तयार गरिएको हुँदा यसले केही हदसम्म माझी जातिको विद्यमान समस्यालाई उजागर गरी त्यसको उपयुक्त समाधानको बाटो देखाउन सफल हुने नै भएकोले यसको महत्व छ भन्ने कुरामा दुईमत हुन सक्दैन । प्रस्तुत सोधपत्रको अध्ययन अनुसन्धान यस अर्थमा महत्वपूर्ण छ कि नेपाल आर्थिक र प्राविधिक रुपमा अत्यन्त गरीब भएता पनि प्राकृतिक, साँस्कृतिक, रीतिरिवाजप्रथा परम्परा, भाषाधर्मको आधारमा निकै सम्पन्न राष्ट्र हो । जसले राष्ट्रको भौतिक पहिचानको रुपमा रहेका साँस्कृतिक धरोहरहरु रीतिरिवाज मूल्यमान्यताहरुले विकास र प्रगति हुने सुअवसर प्राप्त गर्दछन् नै । यसले आफ्नो राष्ट्रको मौलिक पहिचान जोगाइ राख्न पनि मद्दत गर्दैछ ।

यस अवस्थामा नेपालका जनजाति अन्तर्गत रहेका माझी जातिभित्र अरु जातिहरु भन्दा पृथक र मौलिक जीवनशैली मूल्य मान्यता, संस्कृति तथा प्रथा र परम्परा रहेको र तिनीहरुको उल्लिखित पक्षहरुमा ऱ्हास, विचलन र परिवर्तन आइरहेको छ ।


यस अध्ययनयने माझी जातीको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था बारेमा अनुसन्धान प्रस्तुत सोधपत्र मार्फत गरिने भएकोले सो सम्बन्धमा आवश्यक अध्ययन

अनुसन्धान गर्ने पक्षहरुलाई र सम्बवन्धित विषयका शिक्षक स्वदेशी तथा विदेशी समाजशास्त्री/मानवशास्त्रीहरुलाई माझी समुदायको सामाजिका साँस्कृतिक लगायतका पक्षहरुको आवश्यक जानकारी उपलब्ध गरी गराई सहयोग गर्नेछ ।

## १.५ अध्ययनको संगठनात्मक ढाँचा

अध्याय एकमा अध्ययनको भूमिका सहित संगठनात्मक ढाँचा रहेको छ । अध्याय दुइमा सन्दर्भ साहित्यको पुनरावलोकन, अध्याय तीनमा अनुसन्धान विधि, अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, अध्याय पाँचमा माझीहरुको सामाजिक अवस्था, अध्याय छ मा माझिहरुको सामाजिक साँस्कृति, अध्याय सातमा माचीहरको आर्थिक अवस्था र अध्याय आठमा साराँश, निष्कर्ष र सुझावहरुको बारेमा विवेचना गरिएको छ ।

## १.६ अध्ययनको अवधारणात्मक ढाँचा




आर्थिक र राजनैतिक रुपमा पीछडिएको समुदायको रुपमा रहेको माझी समुदाय साँस्कृतिक रुपमा निकै नै सम्वुद्ध र सम्पन्न हुन् । माझि जातिहरुको बसोवासको आधारमा गा.वि.स कर्मैयाका ७० घरधुरीको माझीहरुको मात्र आर्थिक सामाजिक, सांस्कृतिक, सामाजिक संगठन आदि पक्षहरुमा गहनतम अध्ययन मार्फत माझी जातिको सामाजिक आर्थिक सांस्कृतिक जीवनको अध्ययन गर्ने अवधारणा अनुरुप यो ढाँचा निर्माण गरिएको छ ।

# अध्यायः दुई

# सन्दर्भ साहित्यको अध्ययन

नेपाल वहुसांस्कृतिक, वहुजातिय, वहुधार्मिक, वहुभाषिक मानिसहरुको पृथक भौगोलिक क्षेत्रमा बसोवास गर्ने मानिसहरुको राज्य भएकोले नेपाल राज्य समाजशास्त्रीय/मानवशास्त्री अध्ययन अनुसन्धानविदहरुको लागि अत्यन्तै उर्वर भूमिको रुपमा मानिएको छ । यद्यपी यहाँ समाजशास्त्रीय/मानवशास्त्रीय विषयको अध्ययन अनुसन्धान भने १९५० भन्दा अघि भएको थिएन । किनभने त्यति बेलाका राजनीतिक परीस्थिति एवं सत्ताको वागडोर हातमा लिएका व्यक्तिहरुले नेपाल राज्यको कुनैपनि विषयमा अध्ययन अनुसन्धानका लागि अनुमति दिइएको थिएन । जब सन् १९५० मा नेपालमा राजनीतिक परिस्थितिले कोल्टे फेर्‍यो तवदेखि नेपाल अन्तर्राष्ट्रिय समुदायमा पनि हरेक दृष्टिकोणले खुल्ला हुँदै गयो ।

सन् १९५० अगाडि सम्म व्यापार र धर्मप्रचारको रुपमा नेपाल आउने विदेशीहरु खुल्ला भएपछि विदेशीहरुको आवागमनमा पनि वृद्धि हुँदै गयो र समाजशास्त्र । मानवशास्त्रमा अभिरुचि राख्ने अनुसन्धानकर्ताहरुको ध्यान पनि नेपालतिर आकर्षित भयो । परिणाम स्वरुप शैक्षिक उपाधिका लागि शोधपत्र तयार गर्ने देखि लिएर अन्य प्रायोजनका लागि समेत विदेशीहरु नेपाल आउन थाले र सर्व प्रथम हाइमेनड्रफ भन्ने व्यक्तिले सन् १९६४ मा खुम्वु क्षेत्रमा बसोवास गर्ने शेर्पा जातिको सामाजिक, आर्थिक पक्षको त्यसैगरी सन् १९६६ मा हिचककले मगर समुदायको जनसंख्या वृद्धिदर, कृषि उत्पादनबीचको समायोजना विषयमा केन्द्रित भएर समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन, अनुसन्धानको प्रारम्भ औपचारिक रुपमा नै सुरु गरे भएको पाइन्छ ।

त्यसप्रति नेपाली अनुसन्धानविदहरुले पनि विभिन्न जात जाति र तिनीहरुको आर्थिक सामाजिक साँस्कृतिक स्थितिको वारेमा अध्ययन अनुसन्धानको क्रमिक रुपमा सुरुवात गरेको

भएता पनि माझी जातिको विषयमा छुट्टै रुपमा आजसम्म कुनै पुस्तक प्रकाशित भएको अवस्था छैन । त्यस्तो अवस्थामा माझी समुदायको वारेमा खोज, अध्ययन, अनुसन्धान गर्ने कार्य अत्यन्त कठीन हुने कुरा निश्चित छ । त्यसकारण प्रस्तुत शोधपत्रको अध्ययन अनुसनधानको लागि विभिन्न जातजाति, जनजाति, सम्पूर्ण नेपालको क्षेत्रगत जातिको विवरण उत्पत्ति माझी जातिका सम्बन्धमा प्रकाशित छिटपुट पुस्तक र सो विषयमा प्रकाशित पुस्तक लेख, रचना र अध्ययन अनुसन्धानलाई आत्मसात गरिएको छ ।

परापूर्व काल देखिनै माझी जातिमा आफ्नै छुट्टै धर्म मान्दै आएको र पृथ्वीनारायण शाहको एकीकरण पश्चात हिन्दू धर्मको प्रभाव रहेकाले हालका दिनमा माझी समुदायको २०४८ जनगणना पश्चात हामी हिन्दू होइनौ भन्ने बुझे पश्चात कसैले बौद्ध, वोन, किराँत तान्त्रिक, प्रकृति पूजक इत्यादी लेखाएका हुन् । नेपाल माझी उत्थान सबैको २०५३ सालको पहिलो महाधिवेशन परम्परागत धर्म तान्त्रिक लेखाउनु पर्छ भने र निर्णय भए पनि २०५८ को जनगणनामा तान्त्रिक धमएको महल नभएको जसले माझी समुदायको तान्त्रिक धर्मलाई उपेक्षा गरेको देखिन आउँछ (माझी, २०६३) ।

नेपालमा बसोवास गर्ने विभिन्न जाति मध्येकै माझी जाति एक हो । माझी जातीहरु कम्तिमा पनि २ हजार बर्षभन्दा पहिले देखि नै यहाँ बस्दै आएका हुन् भन्ने कुरा दनुवार माझी र दराइहरुमा सांस्कृतिक र सामाजिक सामन्जस्यता देखिन्छ । (आर.डि. र एल.एल. २०३३)

कोशी प्रदेशमा बसोवास गर्ने माझीहरुको एक समुदाय मकवानपुर र मरिन क्षेत्रमा आएर बसेका हुन् भन्ने कुरा यिनीहरुको गृह निर्माण कलावाट ज्ञान हुन्छ । (कोइराला, २०५६)

पहाडामा माझी भनिने जातिलाई तराई वा भित्री मधेशमा बोटे र चितवनमा कुशरह भन्ने चलन छ (विष्ट, २०५२) ।

कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लका पालामा दोलखा जिल्लामा माझीहरुको बसोवास भएको प्रमाण पाइन्छ एक प्रसंगमा दोलखावासीको नाममा लेखेका पत्रको ढाँचा यस्तो छ । "शुभ विचाल श्री श्री जय प्रकाश मल्लरवेसमा खान दोलखाया पञ्च प्रकाशमान

देशवाल प्रजा उमराओ खस मगरात शुरु किराती माझी सन्यासी” (वज्राचार्य र श्रेष्ठ, २०३७) ।

त्यसैगरी अर्को एक प्रसंगमा पृथ्वीनारायण शाहले नुवाकोट आक्रमण गर्दा शुभघाटको बाटोबाट गरेको उनका सैनिकहरुलाई जलुवा माझीले घाट तारिदिएको प्रसङ्ग उल्लेख छ । पृथ्वीनारायण शाहले जलुवा माझीलाई ताम्रपत्र लेखी वि.सं १८०२ मा बैशासखमा जमिनको ठुलै हिस्सा विर्ता दिएका थिए । नुवाकोट जिल्लामा त्यो जग्गा हालसम्म पनि माझीटारको नामले प्रसिद्ध छ । (वज्राचार्य र श्रेष्ठ, २०३७) ।

राजा रण ब. शाहको पालामा पनि माझीहरुको उक्त किपट कसैले नहडपुन भन्नाको लागि वि.सं. १८६६ मा यस्तो भनि लालमोहर लागेको देखिन्छ । “श्री दूर्गा साहायः १ लालमोहर स्वस्ति श्री मन्महाराजाधिराजस्य सवका अज्येसुतोस्या माझी थधाँतके ज्यामिरे घाटको हिजो देखि खाई चरीचर्ची आएको तेरी किपट थामी बस्यौं आफ्नो खातिर मानी किपट मानी भोग्य गर इति सम्वत् १८६६ साल भाद्र बदि ४ रोज ३ शुभम्” (आचार्य) ।

## २.१ माझी समुदायको सामान्य परिचय

### २.१.१ माझी जातिको उत्पत्ती

माझी जातिको उत्पत्ति अन्यौलग्रस्त र वस्तुगत प्रमाणिकताको अभाव रही रहेको अवस्थामा जनजाति अन्तर्गतकै माझी समुदायको उत्पत्तिको वारेमा यसै भन्न सकिने अवस्था छैन । यद्यपी माझीहरुको पुर्ख्यौली थलो सातकोशीका सहायक नदीहरु हो । सप्तकोशीमा जस्तै गण्डकी, कर्णाली, सेती, भेरी र नारायणीमा पनि माझी जातिको बसोवास हुनु पर्ने हो तर त्यस्तै देखिदैन । गण्डकी र नारयणी किनारमा वोटे जातिको बसोवास भएको देखिन्छ । माझी जातिको एउटा थर वोटे पनि छ । त्यस क्षेत्रमा माझीहरु अल्पसंख्यक भएकोले बोटे जातिमा विलय भएको पनि हुनसक्ने बलियो सम्भावना पनि छ । वोटे र माझी जातिमा खासै भिन्नता छैन । माझी र वोटे एउटै जाति हुन सक्ने धेरै आधारहरु छन् । त्यस्तै वेदव्यासद्वारा रचित माहाभारतमा उल्लेख भए अनुसार मत्स्यगन्धा वास्तवमा माझीकै छोरी हुनु पर्दछ । हिन्दू धर्म शास्त्रले उचनीच जातिको विभाजनको कारण माझीको छोरी हो भन्ने संकोच मानेर माछाको गर्भबाट जन्मिएकी भनिएको हुन सक्छ । (माझि, २०६३)

प्रसिद्ध ग्रन्थ काव्य रामायणमा रामलाई माझीहरुले समुन्द्र तारेको उल्लेख छ । रामलाई तार्ने भनिएका माझी निषद वंशका हुन् जुन हिन्दू वर्णाश्रम अनुसार शुद्ध अर्थात अछुत मानेका छन् । नेपाल वृहत राज्यकोषमा निषद शब्दलाई ‘एक प्राचीन अनार्य जाति’ भनेर पनि अर्थ्याएको छ । यसबाट माझी पनि निषद वंशका हुन सक्ने सम्भावना भने छ । नेपालको मधेश तर्फका केही जिल्ला र भारतमा यस जातिका मानिसहरुको वाक्लो बसोवास छ । उनीहरु आफूलाई केवट पनि भन्दछन् । राम र रावणको युद्ध हुँदा रामलाई सहयोग गर्ने सबैलाई रामले मेरा सहयोगी सबै क्षेत्रीहरु भनेर मानिसदेखि वाँदर समेतलाई जनै लगाई दिएको कुरा रामायणमा उल्लेख गरेको पाइन्छ । रामलाई समुन्द्र तार्ने सबै निषाद वंशका भएता पनि अहिलेसम्म कसै कसैले जनै लगाउँदै छन् । यसमा उल्लेख गर्न खोजिएको के हो भने माझी जातिको कुनै पनि पुर्खाले जनै लगाउँदैनन् ।

रामेछाप जिल्लाको पुरानो सदरमुकाम देखि पश्चिम तिरको डाँडामा गोल्मा राजाले सुरक्षाका लागि वनाएको आडको (युद्ध गर्नुपर्दा सुरक्षाको लागि बनाइएको विशेष किसिमको ठाउँ) भग्नावशेष अझै पनि छ । आड देखि दक्षिणतिर गोल्मा राजाको दरवार भएको 'गोल्माटार' नामको ठूलो टार पनि छ । गोल्मादार देखि केही तल सिपाहीहरु कवाज खेल्ने, नाचगान गर्ने, ख्यालठट्टा गर्ने, रमाइलो गर्ने, 'ख्यालीटार' नामको ठूलो टार छ । ख्यालीटार देखि तल सुनकोशी तिरमा ठूलो टार छ त्यो टार त्यस समयको मसानघाट हो र त्यसलाई अहिले मरिनघाट भन्दछन् । मरिनघाट देखि केही तल सुनकोशी भित्र गोल्मा राजाको ठूलो हात्ती छ । सुनकोशीको पानी सफा भएको समयमा पानीमा हेऱ्यो भने हात्ती आकृतिको ठूलो ढुङ्गा छ । त्यसलाई गोल्मा राजाको हात्ती भनिन्छ । यसरी यो यसबाट कोशी तिर नै माझीको पुर्ख्यौली थलो भएको पुष्ट्याइ गर्ने प्रमाण हो । अझै पनि नेपालको जुनसुकै जिल्लाको माझीहरु पितृ कार्यको सराद गर्दा पितृलाई वोलाउने गीत गाउँदा गोलघरे राजासँग विदा मागी आउ भन्छन् ।

माझी बुढापाकाहरुको भनाई र अहिलेसम्म पाइएका भग्नावशेष अनुसार रामेछाप जिल्लाको रजगाउँमा मन्दरे नाम गरेका राजा थिए । तिनको दरवार रजगाउँमा थियो । दरवारको भग्नावशेष अहिलेसम्म वारीमा खन्दा ठूला ठूला इटा भेटिन्छन् । रजगाउँ देखि तल मसानटार (मसानघाट) पारीपट्टि हात्तीटार (हात्ती, घोडा बाँध्ने ठाउँ) हो भन्छन् । रजगाउँ, मसानटार, हात्तीटार र कुनौटी माझीगाउँ अहिलेसम्म पनि छ । रामेछापको पहिलेको सदरमुकामबाट आउने सुकामोर खोला तामाकोशीमा मिस्सिनु भन्दा केही माथि खोलामा मन्दरे माझी राजाले तन्त्रमन्त्र विद्याद्वारा निकालेको जरुवापानी अहिलेसम्म पनि छदैछ । त्यस जरुवा पानीलाई मन्दरे पानी भनिन्छ ।

माथि उल्लेखित विभिन्न मतहरुबाट माझी जातिले गोलघरे राजालाई पितृका राजा मानेका छन् । रामेछापका गोल्मा राजा माझी जातिको पुर्खा हुन सक्ने धेरै सम्भावना छ । गोपाल वंशावलीमा रजगाउँका भारदारले सबै धनमाल हात लाए भनिएको छ तर राजाको उल्लेख छैन । यसरी त्यसभन्दा धेरै पहिले देखि त्यस गाउँमा माझी जातिको राजा भएको

अनुमान गर्न करै लाग्छ । यो भन्दा पहिलेको इतिहास नभेटिएकोले माझी जातिको पुर्ख्यौली थलो रामेछाप जिल्लाको तामाकोशी गडतीर वा रजगाउँ नै भन्ने प्रमाणित हुन्छ ।

## २.१.२ माझीहरुको बसोवास स्थान

माझी जातिको बासेवास विशेष गरेर कोशी प्रदेश वा कोशीका सहायक नदीका तिर नै भएता पनि अन्य जिल्ला र मधेशतिरका सम्पूर्ण जिल्लाहरुमा इन्द्रावती, सनुकोशी, तामाकोशी, लिखु, दूधकोशी, अरुण र तमोरबाट नै बसाई सरी गएको बुझिन्छ । यसरी नेपालको ६८ वटा जिल्लामा माझीहरुको बसोवास रहेको २०५८ को जनगणनाले देखाउँछ । नेपाल वाहेक भारतको विहार राज्यको पूर्णिया जिल्लाको महनहा हरिपुर दार्जिलिङ्ग, आसामा र भुटानका गेलेफु, चिराहाङमा समेत यिनै कोशी किनारबाट बढी ७-८ पुस्ता पहिले विभिन्न कारणबाट बसाइ सरी गएका र उतै बसोवास गरेका छन् ।

कोशी र अन्य नदीहरुसँग माझी जातिको विभिन्न धार्मिक साँस्कृतिक परम्पराको कारणले अति निकट सम्बन्ध छ । त्यसकारणले माझी जातिले कोशी नदी र अन्य नदी तीरमा वसोवास क्षेत्र विस्तार गरेको पाइन्छ । यसरी सिन्धुपाल्चोक र काभ्रेबाट मकवानपुरमा रामेछाप र ओखलढुङ्गाबाट सिन्धुलीमा ओखढुङ्गा र खोटाङबाट उदयपुर, अन्य जिल्ला र मधेस तिरका सम्पूर्ण जिल्लाहरुमा इन्द्रावती सुनकोशी तामाकोशी लिखु दुधकोशी, अरुण तमोरबाट नै वसाई सरी गएको बुढापाकाहरु बताउँछन् । यस क्षेत्रमा वाग्मती नदी किनारमा सिन्धुली मकवानपुरबाट आएको बुझिन्छ ।

## २.१.३ माझी जातिमा थर विभाजन

परम्परागत माछा मार्ने, डुङ्गा चलाउने, कृषि र पशुपालन पेशामा लागेका माझी जातिहरुको थर र त्यसमा पनि विभिन्न उपथरहरु रहेको पाइन्छ । तर पनि ती थरका अलावा यी चिसापानी, मन्थले, कुनौरे, अटौले, रजगाउँले, पूँजीघाटे, उवखाली, सित्खाली, कोंपशेली, लुवेली, सेलेघाटे, तपुघाटे, धनेघाटे, सुङरेली, तौलपुरे, खुवाली, टोकसेले, मूलघाटे, मरिनखोले, कोलोन्जोरे, सिपाली, भिमटारे, दोलालघाटे, आँपघाटे, पचुवारघाटे आदि वास्तवमा माझी

जातिको थर गोत्र नभई माझी गाउँ र घाटको नाम हो । मधेशतिर र अन्यत्र यी स्थानका या थर भएका मिल्यो भने दाजुभाइ या हाडनाता मान्छन् विवाहवारी गर्दैनन् ।

माझी जातिको थर निम्नानुसार रहेको पाइन्छः-

१. दनुवार माझी

२. कुशुवार माझी

३. कुमाले माझी

४. थाल्थारु माझी इत्यादी

यी थरहरु भित्र पनि विभिन्न उपथरहरु पाइनछन् ।

१. दनुवार माझीभित्र

क) राजवंशी दनुवार माझी

ख) वोटे दनुवार माझी

ग) शेककरे दनुवार माझी

घ) घारमाउले दनुवार माझी

ङ) सुपारे दनुवार माझी

च) सूर्यवासी दनुवार माझी

२. कुशुवार माझीभित्र-

क) कास कुशुवार माझी

ख) दूध कुशुवार माझी

ग) कुस कुशुवार माझी

घ) लोहोटी कुशुवार माझी

ङ)	पहरेली कुशुवार माझी

च)	नेपाले कुशुवार माझी

तर कुमाले माझी, बाँतुर माझी र थाल्थारु माझकिो उपथर भने भेटिएको छैन । ( माझी वि.अ.प.)

## २.१.४ भाषा

मानिसहरुका बीच आपसमा विचार आदान-प्रदान गर्ने माध्यम भाषा भएकोले जात अनुसार भाषा पनि अलग अलग हुन्छ । आदिवासी जनजातिको परिभाषाले सबै आदिवासी जातजातिहरुको मातृभाषा हुन्छन् भन्ने देखाइएको छ । माझी जातिको पनि आफ्नै छुट्टै मातृभाषा छ । माझी भाषा भरोपेली भाषा परिवारभित्र पर्दछ । यो भाषा विशेषगरी रामेछाप, काभ्रे, ओखलढुङ्गा, खोटाङ्ग, दोलदा जिल्लका अलावा माझी बसोवास भएका समुदायहरुमा वोल्दछन् । यस भाषाका केही क्षेत्रीय भाषिकामा भेद पनि पाइएको छ । भाषा नवोल्ने गाउँहरुमा पनि अवेशषका रुपमा माझी भाषाका केही शब्दहरु प्रयोग भएको पाइन्छ । माझी भाषा बोलीचालीमा मात्र सीमित छ । यसको आफ्नो लिपि नभएकोले भाषा लोप हुने अवस्थामा छ । (मा. वि.अ.प., २०६३)

### २.१.५ भेषभूषा

कुनै पनि जातिको आफ्नै जातिय पहिचान झल्कने भेषभूषा हुन्छ । यस जातिको भेषभूषा पनि आफ्नै किसिमको छ । पुरुषले कछाड, भोटो, फेटा, इस्टकोट र टोपी लगाउँछन् र सुनको माडवरी, विमेली र रानोछँदा हातमा चाँदीको चुरा लगाउँछन् । महिलाले फरिया चौवन्दी चोलो, पटुका, मजेत्रो, कपालमा लाछा वा धागो लगाउँछन् र गहनाको रुपमा, कानमा ढुंग्री, माडवारी, च्यापटे सुन, नाकमा फूली, बुलाकी, कपालमा सीरफूल, गलामा हसूँली र चाँदीको सिक्री, हारी, पोत, पच्छा गोडामा कल्ली, हातमा वागमुखे चाँदीको चुरा र काँचको चुरा लगाउँछन् । कपडा लगाउँदा पुरुषले लगाउने कछाड र महिलाले लगाउने फरिया अन्य जातजातिले भन्दा छोटो लगाउँछन् भने धेरै रातोरंग मन पराउँदैनन् । पानीमा माछा मार्नु पर्ने भएकाले कछाड र फरिया छोटो लगाएका हुन सक्छन् ।

### २.१.६ धर्म

माझी जाति हिन्दू वर्णाश्रम व्यवस्थाभित्र पर्दैनन् । धर्म सोद्धा हिन्दू भनिएको पाइएता पनि कुनै पनि कर्मकाण्ड गर्दा वाहुन पुरेत लगाउँदैनन् हिन्दू धर्मशास्त्र अनुसार कर्मकाण्ड सम्पन्न गर्दैनन् । बुढोपाका, धाँधी, ज्वाइचेला, भान्जाभान्जी र जान्नेसुन्नेद्वारा कर्मकाण्ड सम्पन्न गर्दछन् । मृत्यु संस्कारमा वाहुन लगाएत कुनै पनि जातिले छोएको सिन्का, पात समेत चलाउँदैनन् । त्यसै कारणले माझी उत्थान सेवाको पहिलो अधिवेशन (२०५३) ले माझी जातिको धर्म तान्त्रिक धर्म लेखाउने निर्णय गरेको छ । २०५८ सालको जनगणना अनुसार माझी जातिको जनसंख्या ७२,६१४ छ यस मध्य ११,३२७ ले तान्त्रिक धर्म पनि लेखाएका छन् । यो जातिहरु हिन्दू होइनन् भन्ने कुरा प्रष्ट छ, तर तान्त्रिक धर्मको व्याख्या राम्रोसँग गर्न नसकेको कारण धेरै माझीहरु अलमलमा परेका छन् । (माझी, वि.अ., २०६३)

## २.१.७ खानपिन तथा पाहुना सत्कार

माझी जातिले जाँड, रक्सी, माछा, मासु खान मन पराउँछन् । पाहुनाको सत्कार जाँडले गर्दछन् र रक्सीले कम महत्व पाउँछ । पाहुनाको सत्कारमा पहिले जेठो मान्यजन र साइनोले प्राथमिकता पाउँछ । पाहुनामा सम्धीलाई विशेष सत्कार गर्दछन् । ज्वाइँलाई छोरो सरह मान्छन् र धेरै माया गर्छन् । घरमा आएका पाहुनालाई सर्वप्रथम वाहिर दलानमा राडी ओच्छ्याएर बस्न अनुरोध गर्दछन् । पाहुनालाई तमाखुँ, जाँड र भात खान दिन्छन् । पहिले तमाखु भरेर हुक्का सहित टक्र्याउँछन् । पाहुनाले हात जोडेर लिनुहोस् भने पछि मात्र आफैले पनि खान्छन् । तमाखु खादै गर्दा जाँडको व्यवस्था गरिन्छ । पाहुना घरभित्र बसेपछि पहिले जाँड, माछा मासु, अन्डाको सीतन दिन्छन् र खानेकुरा दिँदा नमस्कार गर्दछन्, त्यसपछि हात जोडेर खाने अनुरोध गर्दछन् । सम्धी आएका छन् भने भेट हुनासाथ हातमा कुनै कपडा वा रुमाल लिएर निहुरिएर रुमाल सहितको हातले भूँइमा छोएर उभिएर नमस्कार गर्दछन् । यो क्रम तीन पटक गर्दछन् । खाजाको रुपमा जाँड खाँदै गर्दा सञ्चो विसञ्चो सोधनी गर्छन् ।

पाहुनालाई खानेकुरा दिँदा जाँड, मासु र भात भए हुन्छ । विभिन्न प्रकारका तरकारी, अचार नहुँदा पनि हुन्छ तर मासु छैन भने पाहुनालाई सम्मान नगरेको ठहर्छ । धेरै जसो पाहुनाले लाज मानेर नअघाइकनै भो पुग्यो भन्ने भएकाले भो भन्दा पनि कर गरेर थपीथपी खान दिने चलन छ । खाइसकेपछि पाहुनालाई घरभित्रै चुठ्न लगाउँछन् । पाहुना विदा गर्ने बेलामा मीठो जाँड, निंगार, रक्सी खान दिइन्छ । यसलाई बाटोको लौरो भन्दछन् । विदा हुँदा पनि ढोगभेट गरेर मात्र पाहुना विदा हुन्छन्र ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन अनुसन्धानले अनुसन्धानको क्रममा अन्वेषणात्मक र वर्णात्मक अनुसन्धान विधिलाई अवलम्वन गरिएको छ । यो अध्ययन समस्या, समस्याका कारक तत्व र समाधानका उपायहरु समेत भएकोले वस्तुगत खोजमूलक प्रवृत्ति रहेको छ र प्रस्तुत अध्ययनले ज्यापु समुदायमा रहेको वस्तुगत यथार्थतालाई वास्तविक रुपमा वर्णन गरिएकाले पनि यो अनुसन्धान निर्वावाद रुपमा अन्वेषणात्मक वर्णात्मक प्रकृतिको रुपमा रहेको छ । अध्ययनको क्रममा माझी समुदायको सामाजिक साँस्कृतिक पक्षहरुको सुक्ष्म अध्यन गरी तत् पक्षहरुको यथार्थ रुपमा वर्णन गरी प्राप्त संख्यात्मक तथ्यांकहरुलाई तालिकावद्ध गरी प्रतिशतका आधारमा विश्लेषण र वर्णन गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

माझी समुदायका मानिसहरु कोशी र यसका सहायक नदीको गडतीर हुँदै अन्यत्र बसोवास गर्ने क्रममा तराई लगायत धेरै भूभागमा पनि नदी किनारमै बसोवास गर्दै आएका छन् । अध्ययन अनुसन्धानको क्रममा यी समुदायको खास बसोवास यस क्षेत्रकै मुख्य नदी वागमती किनारमा रही आएको छ । यसरी समुच्च माझी समुदाय र वातमती नदी तटमा बसने सम्पूर्ण माझी समुदायको अध्ययन क्षेत्र हरेक दृष्टिकोणबाट कठीन हुने भएकोले प्रस्तुत शोधपत्र तयार गर्न माझी समुदायको छुट्टै बसोवास रहेको क्षेत्र छनौट गर्दा शोधकर्तालाई हरेक दृष्टिकोणबाट सजिलो र सहज हुने भएको छ । सर्लाही जिल्लाको वागमती नदी पूर्वी किनारमा अवस्थित कर्मैया गा.वि.स. मा वस्ने माझीहरुको पनि छुट्टै साँस्कृतिक पहिचान भएको भएतापनि यस जातिको आर्थिक र साँस्कृतिक पक्षको विस्तृत अध्ययन अनुसन्धानलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता

अध्ययनको विषय माझी समुदायको सामाजिक तथा साँस्कृति पक्ष भएकाले अध्यनय क्षेत्र कर्मैया गा.वि.स मा वसोवास गर्ने माझी समुदायको घर परिवारबाट कुल ७० घरधुरीको सुचीबाट चिठ्ठा प्रणाली मार्फत सवै माझी समुदायको प्रतिनिधित्व हुनेगरी समग्रताको २० प्रतिशत नमूनाको रुपमा छनौट गरीएको छ । अध्ययन क्षेत्रकै अनुसन्धाको ७० घरधुरी पाइएको मा उक्त घरहरुबाट १४ घरधुरी छान्नका लागि ७० घरधुरीको तालिका तयार पारी प्रत्येक घरधुरी लाई एउटा नम्वर दिएको छ त्यही घरधुरीको समग्र नम्वरबाट १४ वटा नम्वर छानिएको घरधुरीमा सम्वन्धित व्यक्तीहरुसँग प्रश्नराखी उत्तर प्राप्त गरिएको छ ।

## ३.४. तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनमा प्राथमिक र द्वितिय दुबै प्रकारका स्रोतहरुबाट तथ्यांक संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, अर्धसहभागी अवलोकन र अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यस क्रममा कतिपय सूचनाहरु द्वितिय स्रातको रुपमा माझी जातिसँग सम्बन्धीत पत्र-पत्रिका गा.वि.स.को अभिलेख, विद्यालय र सरकारी कार्यालयको अभिलेखलाई लिइयो । संकलित तथ्यांङ्कहरु परिमाणात्मक र गुणात्मक दुबै भएकोले अध्ययनको प्राथमिकता र औचित्य रहन गएको छ । परिमात्मक प्रकृतिका तथ्यहरुको संलन स्थलगत सर्वेक्षणबाट र गुणात्मक प्रकृतिका तथ्यहरुको संकलन सूचनादाताको उत्तर एवं उनीहरुसँग भएको छलफलबाट भएको छ ।

## ३.५. तथ्याङ्क संकलन विधिहरु

अध्ययनमा अपनाइएका तथ्य संकलनका प्रविधिहरु मथि अनुसन्धानको परिमाण निर्भर गर्ने हुँदा अनुसन्धानमा तथ्याङ्क संकलनको विधिको महत्वपूर्ण भूमिका हुन्छ । यो अध्ययन समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन भएकाले तथ्याङ्क संकलन पनि त्यही विधिहरु अपनाएर गरियो । यस अध्ययनमा अपनाइएका प्रविधिहरुमा प्राथमिक तथ्याङ्क संकलनमा व्यक्तिगत अन्तर्वाता, अर्द्धसहभागी अवलोकन, घरधुरी सर्वेक्षण, समुहिक छलफल आदि मुख्य छन् ।

### ३.५.१ अवलोकन

तथ्याङ्क संकलनको यो प्रविधि अपनाएर माझी जातिको पोसाक, खानपान, चाडपर्व, बसोबासको तरिका, संस्कार घरको बनावट आदि सांस्कृतिक पक्षको तथ्यहरु संकलन गरियो । माझीहरुको दैनिक जीवनमा घट्ने घटनाहरुसमेत अवलोकन गरी एवं उनीहरुको सामाजिक संस्कारमा अध्ययनकर्ता स्वयं सहभागी भई आफैले देखेजाने र अनुभव गरेको आधारमा तथ्याङ्क संकलन भएका छन् ।

### ३.५.२ मुख्य व्यक्तिसँगको अन्तर्वार्ता

यो प्रविधि अपनाएर माझीजातिको जातिगत पहिचान, विकास एवं धर्म-संस्कृति आदिको विशेष जानकारी भएका मूख्य व्यक्तिहरुसित निर्मित एवं अनिर्मित दुवै प्रकारका प्रश्नहरु सोधी सम्बन्धीत तथ्याङ्क संकलन गरियो । साथै स्थानीय जन प्रतिनिधि, शिक्षक, व्यापारी, सामाजिक कार्यकर्ता आदिसँग निर्मित/अनिर्मित प्रश्नहरु सोधी माझी जातिको सामाजिक, आर्थिक शैक्षिक स्थिति र त्यसमा देखापर्दै आएका परिर्वनका विषयमा केन्द्रित रही तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण

तथ्याङ्कको संकलन पछि परिमाणात्मक तथ्याङ्कहरुलाई सूचीकरण गरी वर्गीकरण गर्ने कार्य भयो । वर्गीकरणको आधारमा सारीणीकरण पनि गरियो । गुणात्मक प्रकृतिको तथ्याङ्कहरुलाई तथ्यपरक र बोधगम्य वनाउन आवश्यकता अनुसार व्याख्या, विश्लेषण र विस्ता

गरिएको छ । सारीणीकरण गरिएका तथ्याङ्कहरुलाई तुलनात्मक र बोधगम्य बनाउन सांख्यिकीय विधिको प्रयोग गरी विभिन्न ग्राफ, चार्ट र स्तम्भहरुको प्रयोग गरेर प्रस्तुत गरियो ।

## ३.७ अध्ययनको सीमाहरु

यस अध्ययनले नेपालमा बसोवास गर्ने सम्पूर्ण माझी जातिको पूरा प्रतिनिधित्व गर्न सक्दैन । निश्चित समय सिमा र सिमित श्रोत र साधनको प्रयोगले गरिने हुँदा यसको दायरा पनि सिमित छ । यो अध्ययन पढाइको सिलसिलामा एउटा शोधपत्र तयार पार्नुपर्ने भएकाले आर्थिक रुपले र समयको सिमितता रहेको छ । यसले गर्दा महत्वपूर्ण कुराहरु छुट्ने सम्भावना रहन्छ त्यसकारण यस अध्ययनका निम्नलिखित सिमाहरु रहेका छन् ।

- यस अध्ययनले कर्मैया गा.वि.स सर्लाहीको माझीहरुलाई मात्र समेटेको छ ।
- समय र बजेटको सिमाको कारणले गर्दा सानो क्षेत्रमा बसोवास गर्ने माझीलाई मात्र अध्ययनमा समेटिएको छ ।
- सानो बस्तीको अध्ययन भएकोले यसवाट आउने निष्कर्षले अन्यत्र बसोवास गर्ने माझीहरुको प्रतिनिधित्व गर्न सक्दैन ।

# अध्याय-चार

## अध्यनय क्षेत्रको परिचय

समुन्द्र सतहको ६० मी देखि ६५० मि उचाइमा रहेको तराइको सर्लाही जिल्ला हो। यो जिल्लाको क्षेत्रफल १२५९ वर्ग कि.मी रहेको छ। यसको दक्षिण तर्फ भारतको विहार प्रान्त उत्तर तर्फ सिन्धुली, पूर्व तर्फ महोत्तरी र पश्चिमतर्फ रौतहट जिल्ला रहेको छ। प्राकृतिक श्रोतको हिसावले यो जिल्लाको पश्चिमी सीमामा वागमती नदी उत्तर तर्फ चुरे श्रृखला चारकोसे झाडी र वागमती नदी सिंचित उर्वर भूमि रहेको छ।

क्षेत्रफलको हिसावले मध्यम वर्गको जिल्लाको रुपमा भएता पनि जनसाङ्ख्खिक हिसावले ठूलै जिल्ला को दर्जामा पर्दैछ। यस जिल्लामा मलंगवा नगरपालिका जिल्ला सदरमुकाम रहेको १ नगरपालिका मात्र र ९९ गा.वि.स. रहेकोमा केही गा.वि.स छाडी अन्य गा.वि.स समथर भूमी भएका कारण यातायात खानेपानी कृषि उब्जनी र बजार सुविधाका कारण जिल्लालाई सुगम जिल्लामै गणना गर्न सकिन्छ। यी गा.वि.स हरुको मध्य केही गा.वि.स. हरु नगरोन्मुख हुन भने जिल्लाको पश्चिम उत्तर वागमति नदी र चुरे पर्वत श्रृङखलाको एकमात्र ठूलो पूर्व पश्चिम राजमार्ग यसै गा.वि.स को विचभागबाट गएको छ। यसको पूर्वमा दुङ्गेखोला गा.वि.स दक्षिणमा राजघाट गा.वि.स उत्तरमा सिन्धुली जिल्ला थानेश्वर गा.वि.स. र पश्चिममा वागमती नदीको सीमा पट्टी रौतहट जील्लाको चौडाई गा.वि.स. रहेको छ।

कर्मैया गा.वि.स. मा महेन्द्रराज मार्ग परेको हुँदा राज्यले उपलब्ध गराएको शिक्षा, स्वास्थ्य यातायाल र सञ्चार प्रयाप्त मात्रामा उपलब्ध हुन नसम्नुको कारण चेतनाको कारण भएता पनि कमश ती पक्षम सुधार आउदै गएको छ। जसले हालको दिनमा विद्यालय भर्ना दर स्वास्थ्य चौकीको विवरणले पनि शैक्षिक र स्वास्थ्यको अवस्था सुधारिने क्रममा रहेको छ।

### ४.१ भौगोलिक अवस्था

अध्ययन क्षेत्र भौगालिक हिसावले करीव २६°४५' देखि २७°१०' उत्तरी अक्षाशं र ८५°२०' देखि ८५°५०' पूर्वी देशान्तरमा अवस्थित जिल्लाको क्षेत्रफल १२५९ वर्ग कि.मी रहेको छ। यस कर्मैया गा.वि.स. को कुल क्षेत्रफल ३४ वर्ग कि.मि. रहेको छ भने जिल्लाको कुल क्षेत्रफल को २.७% प्रतिशत भू-भाग ओगटेको छ। जनसंख्याको हिसावले जनघनत्व २०८ जना प्रतिवर्ग कि.मि रहेको छ। केन्द्रीय तथ्याङ्क विभाग २०५८ अनुसार यहाको कुल जनसङ्ख्या ७०९५ रहेको छ।

अध्ययन क्षेत्रको सम्पूर्ण भु-भाग समथर मैदान कृषियोग्य जमिन भएता पनि पश्चिम तर्फको भुभाग वागमती नदीको वलौटे तिर र उत्तरी चुरे श्रृङ्खला रहेका छ। यस गा.वि.स. को सुदुर उचाई सामुहीक सतह देखि ४०० मि. रहेको छ भने अधिकतम उचाई ६५० मि. रहेको छ भने अधिकतम उचाई ६५०मि रहेको छ । यस गा.वि.स. को जग्गा जमिनहरुलाई खेतिको हिसावले चार भागमा विभाजन गरिएको छ।

क) अब्बल

ख) दोयम

ग) सीम

घ) चहार (श्रोतः जि.वि.स सर्लाही, २०५८)

### ४.१.१ नदिनाला

नेपालको प्रशिद्ध नदी वागमतिको तराई प्रवेशद्धारको रुपमा पूर्वी तटमा अवस्थित यस कर्मैया गा.वि.स. मा साना खोलामा गोडारी र डुमजोर खहरे खोला यस गा.वि.स को प्राकृतिक छटा र सुन्दरतामा थप आकर्षण प्रदान गर्नुको साथै वागमती नदीको पूर्वी मूलहरुको पानीबाट कृषियोग्य जमिनको उचित पानीको ब्यवस्थापन र पूर्ती गर्दछ। वागमती नदीको तराई प्रवेशद्धारमा चुरे पर्वतको फेदीमा नेपालकै ठूला सिंचाइ आयोजना मध्यको वागमती सिचाई आयोजना यसै गा.वि.स. को वडा नं ४ मा रहेको छ।

### ४.१.२ हावापानी

यस जिल्लाको हावापानी सम्पूर्ण तराई क्षेत्रको हावापानीसंग मिल्छ । यस क्षेत्रको उत्तरमा चुरे पर्वत श्रृङ्खलामा संरक्षित सामुदायिक वन क्षेत्रहरु हुन् भने दक्षिण पश्चिममा सरगमाथा वन विकास परियोजना बाट संरक्षित वन छ । तर पनि समग्र तराइलाई हेर्दा उत्तरी तराई भएको हुँदा दक्षिणी र तराई भन्दा न्युन भएपनि हावा पानीमा फरक पाइन्छ । यहाँको हावा पानीलाई वर्षा ऋतु रहिरहँदा ऋतुमा विभाजित गरी उल्लेख गरेको खण्डमा यस गा.वि.स को हावा पानीको अनुमान र यकिन गर्न सकीने भएकोले ती ऋतुहरुको वारेमा अलग अलग रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.१.२.१ वर्षा ऋतु

यहाँको सम्पूर्ण जग्गा जमिनहरु कृषि योग्य भएता पनि वागमती मूल नहर भन्दा उत्तर तथा नहरपट्टी हुन नसके र खोलाहरुमा पर्याप्त पानी नहुनु भावर क्षेत्र भएका कारण भूमिगत जलको प्रयोग गर्न नसक्नुले यहाँको मानिसहरुको खेतीको लागि वर्षाको पानी नै मुख्य सिचाईको रुपमा रहेको छ । वर्षा ऋतु जेठको प्रारम्भबाट सुरु भै असोजको मध्ये सम्म रहन्छ । गर्मी ज्यादा तथा वर्षा पनी अधिक हुनु यस ऋतुको विशेषता नै हो । स्वभाविक रुपमा जेष्ठ महिनामा पृथ्वीको तापकम वढी हुने भएकोले तापकम अधिकतम ४०° र न्यूनतम ४° सवैभन्दा कम सम्म भएको पाइएको छ । वर्षा ऋतुमा बंगालको खाडीबाट वहने मनसुनी वायूले कुल वर्षाको ८०% वर्षायाममा हुन्छ । जेठको मध्य देखि अशोजको मध्य सम्म बर्षा हुने गर्दछ । यही वर्षाको सुरुवात सँगै यहाँको मानिसहरु आफ्नो मूख्यवालिको रुपमा धानको खेतीपाती सुर गर्दछन् । (श्रोत जि.वि.स. सर्लाही)

हिउँद आश्विनको मध्यबाट शुरु भएर चैत्रको मध्यसम्म यो ऋतु कायम रहन्छ । यहाँ पौष र माघमा शीतलहरका कारण कठ्याङ्गीने जाडो हुने महिना घाम नलाग्ने पनि हुन्छ । यो ऋतुमा खासै वर्षा नभएता पनि मंसिर माघमा प्राय पानी पर्छ । मंसिरको पानीले जाडोको सुरुवात गराउँछ भने माघ फागुन चैत्रमा पानी संगै पर्ने असिनाले वाली लाई क्षती गर्दछ । यो ऋतुमा वाक्लो कुहिरो, हुस्सु लाग्ने शीत लहर पर्ने गर्दछ ।

### ४.१.३ प्राकृतिक श्रोत

नेपाल प्राकृतिक श्रोतहरुको धनी देश भएता पनी यस अध्ययन क्षेत्रमा भने प्राकृतिक श्रोतहरु नगन्य मात्रामा रहेको छ । यहाँका प्राकृतिक श्रोत भन्नु नै जमिन, वनजंगल र खोला नालाहरु मात्र हुन् ।

## ४.१.३.१ वन जंगल

हरियो वन नेपालको धन केवल नारमा मात्रै सीमीत भएको अवस्था छ बनजंगल विनास कमको तिव्रता संगै यस कर्मैया गा.वि.स. को पश्चिम र दक्षिणमा रहेको सागरनाथ वन विकास परियोजनाको जम्मा वन क्षेत्र ६२३.६९ हेक्टर मध्य २७५ हेब्क्छर वन अतिकमताा परी ३४८.६९ हेक्टर वन क्षेत्रमात्र काँकी भएकोमा यो पनि लगातार अतिकमण र चोर निकासी भै रहेको छ । त्यसैगरी उत्तरी चुरेपर्वत श्रेणीमा रहेको तीनवटा सामूदायिक वनाउनेहरु करीव ६४१ हेक्टर वन क्षेत्र ओगटेको छ । जसबाट वन प्रैदावार चोरीमा न्यून मात्रामा विनास र अतिकम रोकेको छ । यस वनमा पाइने रुख वोट विरवाहरुमा साल, खयर, सिसौ हर्रो वर्रो सिंदुरे सत्तिस, साल, सिमल, दवदवे इत्यादी छन् । निर्माणको कार्यगत फर्निचर सामाग्री दाउरा र स्याउलाको वढ्दो प्रयोगले वन जंगलको विनासको कम रोकने अवस्था छैन् । जसले गर्दा दक्षिण तर्फको वन अहिले नाङ्गो र उजाड देखिएको छ । यद्यपी स्थानीय जनता गा.वि.स. र परियोजनाले उपयुक्त पहल कदमी गर्न सकएिको अवस्था छैन जसले प्राकृतिक श्रोतको रुपमा रहेको वन जंगल निकट भविष्य मै सखाप हुने खतरा वढि रहेको छ ।

## ४.१.३.२ जलश्रोतः

मानव जीवनको सुरुवात र विकास नदी नाला छेउवाट नै भएको पाइन्छ । यसरी मावन जीवन कृषिको लागि र अन्य बहुउपयोगी अत्यावश्यकीय प्राकृतिक श्रोत हो । सायद यसले मानवीय वस्ती नदीनाला देउमा नै भएको पाइन्छ । अध्ययन क्षेत्रको पानीको श्रोत को रुपमा खानेपानी धारा, कल, खोला, कुवा इनार रहेका छन् । यहाँका मानिसहरु पिउन लुगाधुन सरसफाई गर्नको लागि खानेपानी धारा, इनार कल, खालो तथा नहरको पानी उपयोग गर्ने गर्दछन् ।

**तालिका नं १**

**समग्र रुपमा कमैया गा.वि.स को पिउने पानीको विवरण**

| क.सं | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | खानेपानी धारा | ८३७ |
| २ | इनार | ३१ |
| ३ | कुवा | ७ |
| ४ | कल | ११ |

स्रोत:स्थलगत सर्भेक्षण २०६८

माथिको तालिकाबाट कर्मैया गा.वि.स माखानेपानीको व्यवस्था करिव करिव पुगेको पाइन्छ भने सिँचाइको लागि कर्मैयाको करीव वीचबाट पूर्वतर्फ वागमती पूर्वी मूल नहरको पटवी क्षेत्रमा सिंचाईको सुविधा भएता पनि नहरको उत्तरी भूभाग करीव आधा कर्मैयाको जमिनमा सिंचई व्यवस्था व्यवस्थित हुन सकेको छैन ।

## ४.२ सामाजिक परिचय

प्रत्येक समुदायको वास्तविक पहिचानको रुपमा त्यस समुदायको लवाई खुवाई रहन सहन प्रथा परम्परा रीतिरिवाज भेषभूषा नै हुने भएकोले कनै पनी समुदायले अब्यवस्थीत रुपमा दैनिक जीवनमा अनुसरण गरी आएका व्यवहारहरु नै वास्तवमै कुनै पनी समुदायको सामिाजक अवस्थाको पहिचान हो ।

### ४.२.१ स्वास्थ्य स्थिति

स्वास्थ्य शरीरविना मानिसले कुनै पनी कार्य सम्पन्न गर्न नसक्ने हुनाले आफू आफ्नो परिवार समाज र देशको सम्वृद्धि उन्नती प्रगतीको लागि सवैभन्दा पहिला मानिस स्वस्थ्य हुनु आवश्यक छ । तुलनात्मक रुपमा विश्वका अन्य देशको दर्जामा नेपालहिरको स्वास्थ्य स्थिति कमजोर र नाजुक रहेको छ । यस स्थीतीमा कर्मैया गा.वि.स का माझी समुदायको मानिसहरको स्वास्थ्य स्थिति सवल र राम्रा हुने अवस्था नरहेता पनि यो गा.वि.स चेतना शिक्षा र लगायतका आधारभूत न्युनतम् मानविय आवश्यकताबाट टाढा नभएकाले

यहाँका माझीहरुको स्वास्थ्य स्थिति सुधारोन्मुख रहेको  पाइन्छ पूर्ण  सन्तोषजनक पाइदैन । अझै पनि यस समुदयायका मानिस झारफुक मै विश्वास गर्दै छन् भने नयाँ पुस्ताहरु मेडिकल हेल्थपोष्ट अहेव अनमी अस्पतालसम्म जाने गरेका  पइन्छ ।  यस गा.वि.समा एउटा पनि अस्पताल वा ठूला  स्वास्थ्य केन्द्रहरु नभएता यहाँ भएका केडिकल हल, उपसवस्थ्य चौकी र स्थानीय सि.एम् ए. सच.ए बाट उपचार गराउँछन् भने  आकस्मिक सेवाका लागि हरिवन नमूना अस्पतालमा वा वीरगंज तथा काठमाडौं सुविधा सम्पन्न अस्पताल र  नर्सिङ्ग होम जाने गर्दछ ।

## ४.२.२ शैक्षिक  स्थिति

यस गा.वि.सको माझी समूदायको मानिसहरुको  शैक्षिक स्तर सन्तोजनक छैन । यधपी यस गा.वि.स मा एउटा मात्र सरकारी माध्यमिक विद्यालय छ भने  निजी सतरका १ वटा मात्र  विद्यालय छन् । १०/१५ वर्ष अगाडी  सम्म माझी समुदाय कृषि माछामार्ने पशुपालनमा मात्र सिमित रहेको हुदाँ शिक्षा क्षेत्रमा हाल सम्म पनि खासै  उल्लेख्य बृद्धि प्रगती भएको छैन । परम्परागत पेशा र आफ्नो  संस्कारगत प्रचलन झुण्डेको रुपमा वसाइको कारण  विद्यालय साना उमेरका भर्ना भएता पनि शिक्षा पुरा नगरी स्कूल छाड्ने  कारणले शैक्षिक क्षेत्रमा माझीहरु पछाडी छन् ।

## ४.२.३ भौतिक सुविधाहरु

यस कर्मैया गा.वि.स. तराईको समथर  भुमाग भएकोले  स्थानीय रुपमा यातायातको पर्याप्त सुविधा भएता पनी अन्य आधुनिक भौतिक सुविधा भने  पर्याप्त छैन । तर पनि नेपालको पूर्व पश्चिम राजमार्ग यसै गा.वि.स लाई  छिचोलेर गएको हुँदा  देशमा उपलब्ध भौतिक सुविधा सहज प्राप्त गर्न सकेका छन् ।

### ४.२.३.१. यातायात

यस कर्मैया गा.वि.स. बासिन्दाहरु यातायातको सुविधाबाट कनै पनी तवरले वन्चित हुनु पर्ने अवस्था छैन । यहाँ पूर्व  पश्चिम त हुनु पर्ने  अवस्था छैन । यहाँ महेन्द्र राजमार्गमा २४ सै घण्टा यातायात सेवा उपलब्ध छ भने  कर्मैया बाट भारतको सीमाना गा.वि.स. हथिऔल सम्म ३१ कि.मी. ग्रावेल रोड छ । जहाँ साना, ठुला, भाडाका सवै  प्रकारका सडक यातायात उपलब्ध छन् । यद्यपि,  गा.वि.स को  भित्री भागमा भने  भाडाका गाडी भने चल्दैछन् ।

### ४.२.३.२ सुचना तथा सञ्चार

आजको युग सूचना तथा सञ्चारको युग हो । सूचना र सञ्चार विना मानिस एक छिन पनि टाढा रहन सक्दैन र हुदैन भन्ने मान्यताको विकास विश्वब्यापी रुपमा वढ्दै गएको प्ररिप्रेक्षयमा यस कर्मैया गा.वि.स पनि उपरोक्त मान्यता बाट अछुतो रहन सक्दैन । कर्मैया गा.वि.स मा वसोबास गर्ने वासिन्दाहरु राष्ट्रिले उपलब्ध गराएको प्राय सवै सूचना तथा सञ्चारका सेवाहरु जस्तै रेडियो टेलिभिजन एफ.एम. पत्र पत्रिका हुलाक टेलिफोन इन्टरनेट इमेल आदिबाट लाभान्वित भएका हुन् ।

### ४.२.४. जनसख्या र जातीगत संरचना

यस कर्मैया गा.वि.स मा राष्ट्रिय जानगणना २०५८ अनुसार ७०९५ जनजख्या रहेकोमा माझी जाती रहेका छन् । जसमध्ये माझी संख्यामा ५७९ रहेको छ । ८.१६ प्रतिशत हुन जान्छ । सवै भन्दा वढी क्षेत्रीहरु १८.५ प्रतिशत रहेका छन् । यस गा.वि.स मा वडा न. ३, ७ र ८ मा माझी समुदायको छुट्टै समूहमा वसोवास रहेको छ । जुन वागमती नदीको नजिक वसोवास रहेको पाइन्छ ।

गएको वि.स.२०५० सालको बाढीले धनजन र मानवीीय क्षती पश्चात वसाई र वस्ती छुट्टा छुट्टै हुन गयो भने सुगम र सुरक्षित क्षेत्र तर्फ वढ्ने क्रम र परम्परागत घरहरु वनाई कमश नयाँ घरहरु वन्ने क्रममा छन् । समस्त कर्मैयामा धेरै जातीहरुको वसोवास रहेको पाइन्छ । विगतका सामजिक परिवर्तन र सूगम क्षेत्रको वसोवास र सुविधाको कारण स्थानान्तरणको कममा रहेको छन् । यसरी वसोवासको जात जातीगत आकारलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं २.

कर्मैया गा.वि.सको जातिगत संरचनाको विवरण

| क.सं | जाती समूह | जनसङ्ख्या |
|---|---|---|
| | क्षेत्री | १३०९ |
| | बाह्मण पहाडे | १०९५ |
| | तामाङ | ९३१ |
| | माझी | ५७९ |
| | कामी | ४७१ |
| | कोइली | ४५६ |
| | नेवार | ४३९ |
| | मगर | ३९९ |
| | इादव | १९७ |
| | वोटे | १८२ |
| | घर्ति /भुजेल | ९९ |
| | गुरुङ | ९४ |
| | मुस्लिम | ८७ |
| | राई | ८० |
| | दमाइ/ढोली | ७८ |
| | धानुक | ४८ |
| | भोटे | ४२ |
| | सोनार | ३७ |
| | कलवार | ३३ |
| | सन्यासी | ३२ |

| | | |
|---|---|---|
| | मलाई | ३० |
| | सार्की | २५२९ |
| | कानु | २४ |
| | थारु | २४ |
| | लोहार | २३ |
| | खल्वे | २३ |
| | चमार | २२ |
| | डोम | २० |
| | तेली | १९ |
| | हरिजन/चमार | १७ |
| | नुनिया | १७ |
| | क्पाय | १५ |
| | ठमुरी/शेर्पा | १५ |
| | पहरी | १५ |
| | कुर्मी | १२ |
| | हलुवाई | ११ |
| | मूसहर | ६ |
| | मजाम/ ठाकुर | ६ |
| | सजपुत | ५ |
| | अन्य | १८ |
| | जात नखुलेको | ३२ |

श्रोत केन्द्रीय तथ्याङ्क विभाग, २०५८

माथिको  तालिका बाट के देखिन्छ भने कर्मैया गा.वि.स. मा विभिन्न जातीहरुको बसोवास छ्यासमिस रुपमा रहेको छ ।

## ४.३  आर्थिक अवस्था

कुनै पनि देशको विकासको मापदण्ड निर्धारण विगतमा आर्थिक अवस्थालाई प्रमुख रुपमा लिने गरिन्थ्यो । समय अन्तरालामा विकासको अवधारणामा आएको परिवर्तन आई आर्थिक अवस्था विकास निर्धारणको एउटा पक्षको रुपमा मात्र लिइएको छ । यद्यपी आर्थिक अवस्थाले कुनैं पनि देशको सम्वृद्धि, मानवअधिार, रक्षा र विकास लगायतका पक्षहरुमा निर्णयकारी र प्रमुख भूमिका निर्वाह गर्न सक्ने कुरालाई भने नकार्न सकिदैन । आर्थिक पछौटे पनकै कारण नेपाल इथियोपिया पछिकौ संसारकै सबै भन्दा गरीब मुलुकमा पर्दछ । संसारको ४० प्रतिशत भन्दा बढी गरीबी दक्षिण एशियामा रहेकोमा नेपलमा मात्र ४० प्रतिशत भन्दा बढी जनता गरबिको रेखा मुनी रहेको कुरा २०५८ को जनगणनाबाट प्रष्ट हुन्छ ।  यो स्थितिमा सायत नेपालको कुनै पनि त्यस्तो जाती जनजाती, समुदाय र समाज छैन होला कि त्यसमा गरीबीको स्रंख्या हुँदै नभएको होला ।

### ४.३.१ पेशा

कर्मैयाका अधिकांश मानिसहरु कृषि पेशा, कृषि मजदुर, अन्य पेशामा मजदुरी गर्ने भएता पनि कुनै कुनै घरका सदस्यहरु वैकल्पिक व्यवसायन नोकरी वैदेशिक रोजगारी ड्राइभरी पेशामा संलग्न रहेको अवस्था पाइन्छ ।अधिकांश मानिसहरुको कृषि, मजदुरी पेशा भएको हुँदा वर्ष भरी खान र अन्य स्वास्थ्य, शिक्षा लगाएतका जीवनका लागि अति आवश्यक पर्ने यी कुराहरु पनि प्रयाप्त छैन । पेशागत आधारमा यस गा.वि.सको विवरण निम्न छन्

## तालिका नं ३

## कर्मैया गा.वि.सको पेशागत विवरण

| क.स | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| ज्ञ | कृषि | टज्ञठद्द | डटाढढ |
| द्द | पशुपालन | ज्ञघठ | ज्ञाढघ |
| घ | व्यापार | घद्दद्ध | द्धाछ |
| द्ध | नोकरी | द्दठज्ञ | घाडज्ञ |
| छ | अन्य | द्धटद्द | टाछज्ञ |
| | जम्मा | ठण्ढछ | ज्ञण्ण |

श्रोतः तथ्यांङक विभाग, २०५८

विवरण अनुसार कर्मैया गा.वि.सको ८७ प्रतिशत मानिस कृषि पेशामा संलग्न छन् भने पशुपालन १.९३, व्यापारमा ४.६ नोकरीमा ३.८१ र अन्यमा ६.५१ प्रतिशत रहेका छन् । कृषिमा संलग्न जनशक्ति अर्ध बेरोजगार रहनुले पनि आर्थिक अवस्था सुध्रिन नसकेको हो ।

# अध्याय- पाँच

# माझीहरुको सामाजिक अवस्था

कुनै पनि समुदाय वा जातजातीहरुको सामाजिक अवस्था तिनीहरुको रहनसहन, लवाई खुवाई, प्रथा परम्परा, रीतिरिवाज, भेषभूषा आदिबाट पहिचान गर्न सकिन्छ । प्रत्येक समाजको संरचना सञ्चालन तिनको प्रक्रिया विशेषता र संगठन फरक फरक हुने गर्दछ । माझी समुदाय जो संस्कृति र संस्कारमा धनी छ, तिनीहरुको आफ्नै किसिमको मूल्य, मान्यता र सामाजिक अवस्था रही आएको छ ।

## ५.१. पारिवारिक संरचना

बाबु, आमा र छोराछोरी मात्र सम्मिलित परिवार एकात्मक परिवार र दुई पुस्ता भन्दा बढी अर्थात् आमा, बाबु, छोराछोरी, नातीनातीनी, काकाकाकी वा अन्य व्यक्तिहरु सम्मिलित परिवारलाई संयुक्त परिवार मानिन्छ । माझी समुदायको पारिवारक संरचना तल उल्लेखित तालिकाबाट प्रष्टयाएको छ ।

तालिका नं. ४

पारिवारिक बनौट

| क.सं. | परिवारको किसिम | घरधूरी | प्रतिशत |
|---|---|---|---|
| १. | एकात्मक | द्धछ | टद्धाद्दड |
| २. | संयुक्त | द्दछ | घछाठद्द |
| | जम्मा | ठण | ज्ञणण |

श्रोतः स्थलगत सर्भेक्षण, २०६८ ।

माथि उल्लेखित तालिकाको तथ्यांकको आधारमा माझी जातिमा एकात्मक परिवारको संख्याा ४५ घरधुरी अर्थात ६४.२८ पूतिशत रहेको छ भने संयुक्त परिवारको संख्या २५

घरपरिवार अर्थात् ३५.७२ प्रतिशत रहेको देखिन्छ । यो स्थितिले माझीहरुको पुरानो पारिवारिक संरचना संयुक्त भएता पनि हालको दिनमा आएर एकात्मक परिवारमा बस्ने परिवारको सहरमा बढेको छ ।

### ५.१.१ परिवारको आकार

नेपाली समाजको रुपान्तरण र खुला अर्थतन्त्रको विकासको कारण, कृषि माछा मार्ने, पशुपालनमा मात्रै निर्भर रहेर जीवन सहज तरिकाले चल्दैन भन्ने मानसिकता तथा आत्म निर्भरताको कारण छुट्टै बस्ने प्रवृत्ति अहिलेको समाजको विशेषता नै मानिन्छ । जसका कारण पारिवारिक संरचना वृद्धबाट संयुक्त र संयुक्तबाट एकात्मक तर्फ क्रमागत रुपमा रुपान्तर भइ रहेको छ । तलको तालिकामा संख्याको आधारमा परिवारको विवरण उल्लेख गरिएको छ ।

तालिका नं. ५

परिवारको सदस्य संरचनात्मक विवरण

| क.सं. | परिवार सदस्या संख्या | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १-५ | घज्ञ | द्धद्ध.द्दड |
| २. | ६-१० | घट | छज्ञ.द्धघ |
| ३. | ११-१६ | घ | द्ध.द्दढ |
| | जम्मा | ठण | ज्ञणण |

श्रोतः स्थलगत सर्भेक्षण, २०६८ ।

माथिको तालिकाबाट क१-५ सदस्य संख्या भएको परिवार ४४.२८ प्रतिशत, ६-१० सदस्य संख्या भएको परिवार ५१.४३ प्रतिशत र ११-१६ सदस्य संख्या भएको परिवार ४.२९ प्रतिशत रहेको पाइन्छ । जसले परिवारको आकार ठूलो भएको संख्या धेरै देखाउँछ ।

## ५.२ शैक्षिक अवस्था

मानव जीवनको प्रगति, विकास र चेतना अभिवृद्धिका लागि शिक्षा अत्यावश्यक छ । माझी समुदायको शैक्षिक अवस्था सन्तोषजनक छैन । माझी समुदायको नजिक प्राथमिक विद्यालय मात्र छ भने विद्यालय नै ढिलो भर्ना हुने हुँदा बीचमै विद्यालय छाड्ने या त मा.वि. टाढा पर्ने र सामाजिक संस्कारका कारण अझै पनि केटा केटीहरु शिक्षाको उज्यालो घामाट वञ्चित हुन परेको अवस्था छ भने पुरानो पिढीमा अधिकांश निरक्षर छन् । हालका दिनमा आफू अशिक्षित भएता पनि छोराछोरीहरुाई पढाउनु पर्छ भन्ने भावनाबाट निर्देशित भै छोराछोरीलाई विद्यालय पठाउन थालेका छन् । शैक्षिक स्तरलाई तलको तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

तालिका नं. ६

शैक्षिक विवरण

| क.सं. | शैक्षिक स्थिति | संख्या | | जम्मा संख्या |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | निरक्षर | ज्ञज्ञद्द | डड | द्दण्ण |
| २. | शाक्षर | डण | घण | ज्ञज्ञण |
| ३. | उच्च शिक्षा कीाऋ। भन्दा माथि | घठ | ज्ञघ | छ़ण |

श्रोतः स्थलगत सर्भेक्षण, २०६८ ।

माथि उल्लेख गरिएको तालिकाको आधारमा माझी समुदायको शैक्षिक स्थितिलाई हेर्दा निरक्षर २०० साक्षर ११० र उच्च शिक्षा कीाऋ। माथि अध्ययन गरेका जम्मा ५० जना मात्र भएको देखाउँछ जसले के प्रष्ट पार्दछ भने माझी जातिको शैक्षिक स्थिति कमजोर रहेको बताउँछ ।

## ५.३ स्वास्थ्य स्थिति

स्वास्थ्य मानव जीवनको प्राथमिक आवश्यकता हो । स्वास्थ्य जीवन विना मानव जीवनको कुनै पनि क्रियाकलापहरु गर्न असम्भाव प्राय हुने हुँदा मानव आफू स्वयम, समाज र राष्ट्रलाई अगाडि बनाउन समाज र राष्ट्र निर्माणमा प्रमुख भूमिका निर्वाह स्वस्थ्य जनशक्तिो अपरिहार्य खाँचो छ । यसैले भनिन्छ स्वास्थ्य नै धन हो । माझी समुदायका मानिसहरको स्वास्थ्य सम्बन्धी चेतना परिवर्तनको क्रममा रहेको छ । माझी समुदायका मानिसहरु विरामी हुँदा परम्परागत रुपमा पअनाउदै आएको धामी, वैद्य उपचार पद्धती प्रयोग गर्दैछन् भने नयाँ पुस्ताले मेडिकल हल, डाक्टर वा स्वास्थ्य केन्द्रमा गई उपचार गर्ने गर्दछन् ।

अध्ययन क्षेत्रमा बसोवास गर्ने माझी समुदायको स्वास्थ्य स्थितिको आधारमा जनसंख्या विवरणलाई हेर्ने हो भने विरामी परेको समयमा उपचारका लागि डाक्टरकोमा जाने उत्तरदाताको संख्या तुलनात्मक रुपले झाँक्रीकोमा जाने भन्दा बढि भए पनि स्वास्थ्य स्थितिमा उनीहरुमा अझै पनि रुढिवाढीताको जरो अझै बाँकी छ ।

## ५.४ महिलाको स्थिति

**सामाजिक सम्बन्धः** पुरुष प्रधान नेपाली समाजको समग्र स्थिति हेर्दा महिलाहरुकौ स्थिति अत्यन्त दयनिय छ । नेपाली समाजमा छोरी जन्मने वित्तिकै अझै पनि विभेदको व्यवहार गरिन्छ । माझी समुदायमा पनि सामाजिक विभेद परम्परागत रुपमा मनाइने पर्व तथा संस्कारमा पुरुषको स्थान पहिला र महिलालाई विकल्पको रुपमा मात्र लिनुले महिलाको सामाजिक हैसियत दर्शाउँछ ।

**पारिवरिक स्थितिः** महिलाहरुको परिवारिक स्थिति हेर्दा माझीहरुको परिवार पितृ सतात्मक नै रहेको देखिन्छ । घर बाहिरको कार्यमा पुरुष र भित्रको कार्यमा महिलाहरु नै छन् जसमा बच्चा रेखदेख, खाना बनाउने, पाहुना सतकार जस्ता घरायसी कार्यमा मात्र संलग्नता रहेको पाइन्छ ।

**पेशा र आम्दानी :** महिलाहरुको सम्पत्ति माथिको स्वामित्व नहुनुले अधिकत्तम महिलाहरुको पेशा गृहीणी, कृषि मजदुरी, अन्य घरायसी आम्दानी नभएका पेशा पर्दछन् भने हालका दिनमा

विभिन्न गैरसरकारी संस्था सरकारी निकायको सहयोगमा सामुहिक पशुपालन, खेती, व्यापार ,शीपमुलक कामहरु र महिला स्वयंसेवीका सम्मका पेशा अपनाएका हुँदा व्यत्तिगत आम्दानी तथा बचत समुहबाट प्राप्त ऋणको सदुपयोग गरी केही हद सम्म आम्दानी गर्न सक्षम भएका छन् ।

तालिका नं.७

महिलाहरुको पेशागत विवरण

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | ठण | छडाघघ |
| कृषि | घण | द्दछ |
| शिक्षण | द्द | ज्ञाटठ |
| नोकरी | ज्ञण | डाघघ |
| सिलाई कटाई | ड | टाटठ |
| जम्मा | ज्ञद्दण | ज्ञणण |

स्रोत स्थलगत सर्वेक्षणः २०६८

माथि तालिकाबाट महिलाहरु सवभन्दा बढी गृहिणी ५८.३३ प्रतिशत र सबभन्दा कम १.६७ प्रतिशत शिक्षणमा संलग्न रहेको देखिन्छ ।

निर्णय निर्माणः घरायसी महत्वपूर्ण निर्णयमा पुरुषकै भुमिका रहने गरेको छ । पारिवारिक तथा सामाजिक संस्कार जन्य कार्यमा तथा अन्य घरायसी निर्णयमा महिलाको सल्लाह लिइन्छ । निर्णयात्मक भुमिका भने रहेको पाइदैन ।

सम्पत्तिको हकः माझी समुदायमा पैतृक सम्पत्ति छोरालाई नै हस्तान्तरण गरिने र छोरीलाई विवाह गरिदिनु पर्ने हुँदा पैतृक सम्पत्तिमा हक नहुनाले सम्पत्तिमा स्वामित्व छैन भने दाईजो स्वरुप माइतबाट दिइने दाइजो मात्र हक रहने र घरमा पशुपंक्षी र कृषि कार्यबाट भएको सानातिना आम्दानीको बाहेक बाह्य आम्दानी र सम्पत्ति माथी हक भएको देखिदैन ।

तालिका नं ८

निर्णय निर्माणमा महिलाको भूमिका तालिका विवरण

| पारिवारिक दर्जा | अंशवण्डा | घरायसी निर्णय | विवाहको निर्णय | आर्थिक लेनदेन | संस्कारगत सहभागिता |
|---|---|---|---|---|---|
| घरमूली/श्रीमान | घज्ञ | द्दठ | द्दड | छड | घठ |
| श्रीमती | ढ | द्दछ | द्दण | ठ | छ |
| बुहारी | ढ | छ | ठ | द्द | छ |
| छोरी | | | छ | | ठ |
| छोरा | ज्ञद्द | ज्ञघ | ज्ञण | घ | ज्ञट |
| जम्मा | ठण | ठण | ठण | ठण | ठण |

स्रोत स्थलगत सर्वेक्षण: २०६८

माथिको तालिकाबाट घरायसी महत्वपूर्ण निर्णयमा पुरुषको निर्णय महत्वपूर्ण रहेको देखिन्छ । अंशवण्डा विवाह आर्थिक लेनदेन जस्ता निर्णयमा पनि पुरुषकै महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

# अध्याय- छ

# माझीहरुको साँस्कृतिक अवस्था

## ६.१. भाषा

आदिवासी जनजातिको परिभाषाले सबै आदिवासी जनजातिहरुको मातृभाषा हुन्छन् भन्ने देखाएको छ । माझी जातिको पनि छुट्टै मातृभाषा छ । माझीभाषा भारोपेली भाषा परिवारभित्र पर्दछ । यो भाषा विशेषगरी रामेछाप, काभ्रे, ओखलढुंगा, खोटाङ, दोलखा जिल्लामा बोल्दछन् । यस भाषाको केही क्षेत्रीय भाषिकाका भेद पनि पाइएको छ । भाषा नबोल्ने ठाउँमा

पनि अवशेषको रुपमा माझी भाषाका केही शब्द प्रयोग गरेको पाइन्छन् । माझी भाषा बोलीचालीमा मात्र सीमित छ । अन्य भाषाको अतिक्रमणले गर्दा यो भाषा लोप हुने अवस्थामा पुगेको छ । यसको संरक्षणको लागि कुनै पनि निकायबाट पहल हुन सकेको छैन ।

## ६.२. भेषभूषा र गरगहना

कुनै पनि जातिको आफ्नै जातीय पहिचान झल्किने भेषभूषा हुन्छ । यस जातिको भेषभूषा पनि आफ्नै किसिमको छ । पुरुषले कछाड, भोटो, फेटा, इष्टकोट र टोपी लगाउँछन् र सुनको माडवारी र सानो छँदा हातमा चाँदीको चुरा लगाउँदछन् । महिलाले फरिया, चौबन्दी चोलो, पटुका, मजेत्रो, कपालमा लाछा वा धागो लगाउँछन् र गहनाको रुपमा कानमा ढुंग्री, माडवारी, च्याप्टेसुन, नाकमा फुली, बुलाकी कपालमा सिरफुल गलामा हँसुली, चाँदीको सिक्री, हार, पोते, पन्दा गोडामा कल्ली हातमा बागमुखे चाँदीको चुरा काँचको चुरा लगाउँछन् । हाल अन्य विभिन्न जातजातिले लगाउने आधुनिक गरगहना पनि लगाउन थालेका छन् । कपडा लगाउँदा पुरुषले लगाउने कछाड र महिलाले लगाउने फरिया अन्य जातजातिले भन्दा केही छोटो पारेर लगाउँद छन् भने धेरै रातोरङ्ग मनपराउँदैनन् । पानीमा माछा मार्नु डुंगा चलाउनु पर्ने भएकोले कछाड र फरिया छोटो लगाएका हुनसक्छन् ।

## ६.३ खानपान र भोजन

माझी जातिले जाँड, रक्सी, माछा, मासु खान मनपराउँछन् पाहुनाको सत्कार जाँडले गर्दछन् र रक्सीले कम महत्व पाउँदछ । पाहुना सत्कारमा पहिले जेठो मान्यजन र साइनोले प्राथमिकता पाउँदछ । पाहुनामा सम्धीलाई विशेष सत्कार गर्दछन् । ज्वाइँलाई छोरो सरह मान्दन् र धेरै माया गर्दछन् । घरमा आएका पाहुनालाई सर्वप्रथम बाहिर दलानमा राडी ओछ्याएर बस्न अनुरोध गर्दछन् । पाहुनालाई तमाखु, जाँड र भात खान दिन्छन् । पहिले तमाखु भरेर हुक्कासहित टक्र्याउँछन् र पाहुनाले हात जोडेर लिनुहोस् लिनुहोस् भनेपछि मात्र आफैले पनि खान्छन् ।

पाहुनालाई खानेकुरा दिँदा जाँड, मासु र भात भए हुन्छ । विभिन्न प्रकारका तरकारी, अचार आदि नहुँदा पनि हुन्छ तर मासु छैन भने पाहुनालाई सम्मान नगरेको ठहर्छ । धेरैजसो पाहुनाहरुले लाज मानेर नअघाइकनै भो, पुग्यो भन्ने भएकोले भो भन्दा पनि कर गरेर थपीथपी खान दिने चलन छ । खाइसके पछि पाहुनालाई घरभित्रै चुठ्न लगाउँछन् । पाहुना विदा गर्ने बेलामा मीठो जाँड निंगार, रक्सी खान दिन्छन् । यसलाई बाटोको चौलो भन्दछन् । विदा हुँदा पनि ढोगभेट गरेर मात्र पाहुना विदा गर्दछन् ।

## ६.४ घरको वनावट

आधुनिकताको प्रभाव र विकास सँगसँगै हरेक ठाउँको संरचनाहरु परिवर्तन हुँदै जाने सामान्य कुरा भएको साथै २०५० सालको बाढी पश्चात साना फुसका र परम्परागत खरका छाना भएका घरमा एकाएक कमी आई ग्रामीण भेगमा उपलव्ध श्रोत र साधनको प्रयोगले संरचना फेरवदल आएको छ ।

माझीहरुको हालको दिनमा आएर अत्याधिक मात्रामा टायलको छाना भएको, वाँस, इटा र पटाको घेरा वेश भएको घरको मात्रा बढी छ भने खरको वा फुसको घरको संख्या न्यून छ । परम्परागत घरको बीचमा चुल्हा झ्याल कम भएका माटो र ढुङ्गाको जोडाई भएको घर अव देखिदैन । अहिले घर बनाउँदा ग्रामीण भेग भएका कारण टाली छानो इटा सिमेन्टको पर्खाल या वाँसको पर्खाल लगाएर छरितो किसिमले घर निर्माण गर्ने गर्दछन् ।

तालिका नं. ९

घरको वनावटको आधारमा जनसंख्या विवरण

| क.सं. | घरको प्रकार | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | टायलको छाना भएको इटा/माटो/सिमेन्ट जोडाइ भएको घर | ठ | ज्ञण |

| | | | |
|---|---|---|---|
| २. | टायल वा झिंगटीको छाना भएको वास वा पटठाको कच्ची पर्खाल भएको | द्धड | टड.छठ |
| ३. | खरको छाना भएको कच्चीघर | ज्ञछ | द्गज्ञ.द्धघ |
| | जम्मा | ठण | ज्ञण्ण |

स्रोतः स्थलगत सर्भेक्षण, २०६८ ।

माथि उल्लिखित तथ्यांकको आधारमा माझीहरुको घरको संरचनाको विवरण हेर्दा टायलको छाना भएको पटा वा बासको वेरा लगाएको घरको संख्या ४८ अर्थात् ६८.५७ प्रतिशत, टायलको छाना भएको पक्की इटा सिमेन्ट वा इटा माटो जोडाइको पर्खाल भएको अर्धपक्कि घरको संख्या ७ अर्थात १० प्रतिशत र खरको छाना भएको कच्ची घर १५ वटा अर्थात् २१.४३ प्रतिशत रहेको पाइयो । कृषि पेशा र परम्परागत पेशा संकटनमा पर्नु र अन्य कुनै वैकल्पिक व्यवस्था नभएका कारण प्रायः सबैजसो घरहरु कच्चि नै छन् भने पक्की घर नहुनुले पनि उनीहरुको अवस्था छर्लङ्ग पार्दछ ।

## ६.५ संस्कार

यस अध्यायमा जन्मदेखि मृत्युसम्मका संस्कारहरुलाई जीवनसंस्कारभित्र राखिएको छ । यस अन्तर्गत मुख्यतः जन्म संस्कार, न्वारन, पास्नी, छेवार, विवाह र मृत्यु संस्कार पर्दछ । यसका साथै सिन्धुपाल्चोक, काभ्रे, मकवानपुर र सुनसरी, झापा, मोरङको मृत्युसंस्कारमा केही विभन्नता भएकोले सिन्धुपाल्चोक र सुन्सरी जिल्लाका माझी जातिको मृत्यु संस्कारको पनि छोटकरीमा चर्चा गरिएको छ ।

### ६.५.१. जन्म

गर्भवती अवस्थामा माझी महिलाले लास ल्याएको वा बाँधेको नहेर्नु हेरे बच्चाको घाँटीमा नाल बेरिन्छ भन्ने छ । यसैगरी बाघ भालु चितुवा आदिले मारेको कुनै जनावरको मासु

नखानु, खाए सुत्दा निन्द्रामा बाघ जस्तो घुर्छ । हलोले जोतेको सियो ननाघ्नु नाघे सुत्केरी बेथा लामो हुन्छ । बच्चाको बाबुआमाले काटमार नगर्नु, सर्प नमार्नु, काटमार गरे सर्प मारे बच्चाको जिब्रो निकाल्ने बानी हुन्छ । इच्छा लागेका कुरा खानु नखाए बच्चाको र्‍याल काढ्ने बानी हुन्छ । ग्रहण लागेको नहेर्नु, पेट नकन्याउनु र हेरे कन्याय बच्चा खोडे हुन्छ । घोडा गाइवस्तु बाँधेको दाम्ला डोरी ननाघ्नु नाघे सालनाल झर्दैन वा ढिलो झर्छ । बाबर रोटी चोरेर नखानु खाए कान खोडे हुन्छ । खोर्सानी चोरेर खाए बच्चा बाठो हुन्छ भन्ने विश्वास राख्दछन् । दुईजीउकी महिलाले परदेश, भिरपहरा नजानु, रुख नचढ्नु, चर्को काम नगर्नु, गर्‍हुंगो भारी नबोक्नु, धेरै पिरो अमिलो नखानु पनि भनेर अर्‍हाउने चलन पनि छ ।

गर्भवती महिलालाई सुत्केरी गराउँदा घरभित्र गराउनु पर्छ भन्ने मान्यता माझी समुदायमा छ । बच्चा जन्मिसकेपछि घरको ढोकाको सँघारमा एउटा कुखुरा काट्छन् । छोरो जन्मेमा भाले र छोरी जन्मेमा पोथी काट्छन् । कुखुरा काटेको देख्दा छोरा वा छोरी के जन्मियो भन्ने कुराको प्रष्ट जानकारी गराउँदछ । सुत्केरीलाई सुत्केरी भएकै दिनदेखि कुखुराको मासु, जाँड, रक्सी, घ्यू, ज्वानो खुब खान दिन्छन् ।

### ६.५.२ न्वारान

बच्चा जन्मेको तीन, पाँच, सात बिजोर दिन पारेर नामकरण वा न्वारान गर्दछन् । बच्चाको नाइटो नझरुन्जेल नवारान गर्नु हुँदैन । चाँडै न्वारान गर्नु छ भने नाइटो चाँडो झार्नको लागि सुत्केरीलाई खुवाउन पकाएको कुखुराको मासुको झोल हाली नाइटो झार्ने प्रयास गर्दछन् । न्वारान गर्ने दिन घर लिपपोत गरी सुडेनी, सुत्केरी र बच्चालाई नुहाइधुवाई गर्दछन् । गाउँका मिझार, गौरुड, सुडेनी बोलाउँदछन् । कुनै ठाउँमा मिझार गौरुङले र कुनै ठाउँमा सुडेनीले बच्चाको नाम जुराईदिन्छ वा राखिदिन्छ । नाम राख्दा कुन दिन, बार, ठाउँ, अवस्थामा जन्मेको हो सोही दिनको बार अवस्थाको पहिलो अक्षर राखेर नाम राख्दछन् । न्वारानको दिन बच्चालाई नुहाउँदा गाइको दूध, भलायोको ठेला, सिंगी, काटी, बागी माछाको काँडा अरिङगाल, बच्छयुँ, बारुलो, धारे, सिस्नो, अल्लो पनि डढाई धुवाँ दिदा ती माछाले

घोच्छा, अरिङ्गाल बच्छ्यूले चिल्दा विष नलाग्ने, सिस्नो अल्लोले नपोल्ने हुन्छ भन्ने माझी जातिको विश्वास पाइन्छ । न्वारानमा बाबु, बाजे वा काका साक्षी राखी ज्वाई चेला, भान्जा भान्जी, कुटुम्बले सुत्केरीलाई गहुँत, तेल खान र लाउन दिन्छन् । गउत सुत्केरी बसेको ठाउँ, भँडार चोटोकोठा, फूल विरुवामापनि छर्दछन् । यसलाई गहुँत छर्ने वा चोख्याउने पनि भन्दछन् । कसैले न्वारानको दिनदेखि नै पानी छुन्छन् भने कसैले १५ दिनसम्म पानी बार्छन् । सुत्केरी नचोख्याइ कुनै पनि शुभ, अशुभ काम गर्दैनन् । यो नगरुन्जेल कुलपितृ, देवीदेवतामा चल्दैन भन्नेछ । जाँड, मासु, भात अन्य विभिन्न खाद्यपदार्थहरु बनाई बुढापाका र सुडेनीलाई खुवाउनुपर्छ साथै सुडेनीलाई गुन्युचोलो (एकसरो कपडा) दिने गर्दछन् ।

माझी जातिमा बच्चा आइतबार जन्मे आइते, आइतवीर, आइती, सोमबार जन्मे सोमे, सोमी, मंगलवार जन्मे मंगले, मंगलमान, मंगली, बुधवार जन्मे बुधे, बुधवीर, बुधमाया, बिहीबार भए बिर्देउ, बीरसे, बीरमान, शुक्रवार भए शुक्रे, शुक्रवीर, सुकमाया, शनिवार भए संसरे, सन्ते, सन्ती नाम राखिन्छ । यसै गरी माइतमा जन्मेको भए माइते, माइती, बाटोमा भए बाटुले, बाटुली इत्यादी ।

### ६.५.३. पास्नी

बच्चालाई पहिलो पटक भात खुवाइ दिने कर्मलाई 'पास्नी' भन्दछन् । छोरो भए ६ महिना छोरी भए ५ महिनामा पास्नी गर्दछन् । जाँड, रक्सी, माछा, मासु, अण्डा, दही, दूध, घ्यू, मह दालभात अन्य विभिन्न खाद्यसामग्री तयार पार्दछन् । दियो बत्ती बाली कलस थाप्दछन् । कलसको पानीले अभिषेक गरी दही अक्षताको टीका लगाइ धेरै आशिष पनि दिन्छन् । पास्नीमा मावली, दाजुभाइ, नातागोता, इष्टमित्र पनि बोलाइ भात खुवाउँछन् । घरको सबैभन्दा जेठोले पहिले खुवाउँछन् टिका लगाई दिंदा "आजदेखि मनुष्य भइस् पाथीको भात खानु सक्ने, धार्नीको कोदालो चलाउनु सक्ने हुनु, विसासय आयु होस्" भन्ने खालका आशिष दिएर टीका लगाइदिन्छन् । सबैले भात खुवाइ टिका लगाइए दक्षिणा कपडा दिने पनि चलन छ । निम्तालु सबैलाई जाँड, रक्सी, माछा, मासुसमेत खान दिने, नाचगान गर्ने पनि कसै कसैले गर्छन् । भात

नखुवाउँदै मऱ्यो भने सराद गर्दैनन् सुध्याईमा नै सरात गर्नु नपर्ने गरी खोला कोशीमा सेलाउँछन् । भात खुवाइ सकेको छ भने सुध्याई मात्र गरेर हुँदैन, सराद पनि गर्नुपर्छ । बच्चाको ८ महिनामा दाँत उम्रियो दाँत उम्रेको बच्चालाई मामाले घरको भित्ता प्वाल पारेर हात छिराइ काँसको भाँडा डवकामा दूध भात खुवाइ टीका लगाइदिइ बडका वा कचौरासहित दक्षिणा दिएपछि दोष लाग्दैन मुख हेर्नुहुन्छ भन्ने माझी जातिको विश्वास रहेको छ ।

### ६.५.४. छेवर

पहिलो पटक कपाल काट्नुलाई 'छेवर' भन्दछन् । छेवरमा कपाल काटी दिनका लागि मामा अनिवार्य चाहिन्छ । आफ्नो मामा छैन भने अन्य नाता साइनोको भएपनि मामा बनाइ उनीबाटै कपाल काटिन्छ । गाईको थलो लिपपोत गरी नयाँ किलो, दाम्लो, हरियो सालको पातको टपरी तयार पार्दछन् । दाम्लाले घाँटीमा बाँधेर मामाले भान्जाको कपाल काट्दै टपरीमा राख्छन् ।

### ६.५.५.विवाह

माझ जातिहरुमा मागी, चोरी, जारी, विधवा, अन्तरजातीय र जबरजस्तीसमेत गरी छ प्रकारको विवाह प्रचलित छ ।

### ६.५.५. मागी विवाह

माझी जातिहरुमा मागी विवाह, चोरी विवाह, अन्तर जातिय विवाह, जारी विवाह, विधुवा विवाह र  जबरजस्तीसमेत गरी छ प्रकारको विवाह प्रचलित छ ।

तालिका नं १०

विवाहको प्रकारको विवरण

| क.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | छण | ठज्ञ।द्धघ |
| २. | चोरी विवाह | ज्ञज्ञ | ज्ञछ।ठज्ञ |

| | | | |
|---|---|---|---|
| ३. | जारी विवाह | द्ध | छाठज्ञ |
| ४. | विधुवा/विदुर विवाह | द्द | द्दाडछ |
| ५. | अन्तरजातीय विवाह | घ | द्धाघ |
| जम्मा | | ठण | ज्ञण्ण |

श्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका अनुसार मागी विवाह गर्ने ७१.४३ प्रतिशत, चोरी विवाह गर्ने १५.७१ जारी विवाह गर्ने ५.७१ प्रतिशत, विधवा विवाह २.८५ प्रतिशत र अन्तरजातीय विवाह गर्ने ४.३ प्रतिशत रहेको छ । जसबाट मागी विवाह गर्नेको संख्या अधिक रहेको र अन्य विवाह पनि रहिरहेको पाइन्छ ।

तालिका नं. ११

माझी समुदायको विवाह गर्दाको उमेर स्थिति

| क.सं. | विवाह गर्दाको उमेर | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-२० वर्ष | छघ | ठछ.द्दज्ञ |
| २. | २०-२५ वर्ष | ज्ञद्ध | द्दण |
| ३. | २५ भन्दा माथि | घ | द्ध.द्दढ |
| | जम्मा | ठण | ज्ञण्ण |

स्रोतः स्थलगत सर्भेक्षण, २०६४ ।

विवाहको उमेरको आधारमा अध्ययन क्षेत्रको जनसंख्या विवरणलाई हेर्ने हो भने १५-२० वर्ष विवाह गर्नेको संख्या ५३ अर्थात् ७५.७१ प्रतिशत २० देखि २५ वर्षको उमेरमा विवाह गर्नेहरुको संख्या १४ अर्थात् २० प्रतिशत २५ वर्ष भन्दा माथि विवाह गर्नेको संख्या ३ अर्थात ४.२९ प्रतिशत छ । सरकारको र अन्य गैर सरकारी संख्याको नारा 'विहावारी बीसपारी' भनिएता पनि सामाजिक संस्कार चलन आदिका कारणले १६ देखि २० मा विवाह गर्नेको संख्या अत्यधिक छ ।

## मागी विवाह

## केटी माग्न जाने

मंसिर महिनाको पहिलो वुधवार (जसलाई जेठी वुधवार पनि भन्दछन्) पारेर दुई जना लमी केटी माग्न पठाउँदछन् । सबैजना जम्मा भएपछि विना सगुन कुरा गर्नु राम्रो नहुने भएकोले लमीले आफूले ल्याएको सगुन अगाडि राख्छ । केटीको बाबुले त्यो सगुन समाउँछ । ल्याएको सगुन पहिले कुलपितृ, देवीदेवता  र भूतप्रेत सम्पूर्णलाई चढाउँछन् । त्यहाँ उपस्थित सबैले त्यो सगुन प्रसादको रुपमा खान्छन्न । कुन दिन कुरो छिन्ने हो त्यो दिनको निधो गरेर लमीलाई पठाउँछन् । लमी घरमा आएपछि "गुलियो वचन पाइझो" भनेर केटीको घरमभा भएका सबैकुरा सुनाउँछ ।

**कुरा छिन्ने क्रममाः** केटी दिने निधो गर्नेलाई कुरा छिन्ने भन्छन् । कुरो छिन्नु पनि बुधवार पारेर लमी जान्छन् । त्यो दिन पनि सगुनको साथ त्यसै गरी लमी जान्छन् । केटी दिने निधो गरी सकेपछि ठेकी लगाउने, कोसेली, रितभात सोध छाङ्ग्रा, के कति खाने गरगहना के कति चाहिने सम्पूर्ण कुराको निधो यसै समय गर्दछन् ।

**ठेकी लगाउने :** ठेकी लगाउने भन्नाले केटीपक्षले माग गरेको रितभात, सोध छाङ्ग्रा कोसेलीसमेत बोकाएर आवश्यक भरिया सहित बर्छा टेकेर, फेट्टा, बाँधेर, बुधबार नै पारेर भीरयासहित लमी जान्छ । कोसेली, सोधछाङ्ग्रा, रितभात, चामल, राँगा, सुँगुर, रोटी, जाँड, रक्सी र ठेकी कोसेलीको लागि एक घ्याम्पा जाँड र आवश्यक सितन माछा वा मासु समेत लिएर जान्छ । यसलाई ठेकी लाउने, अठोट लगाउने वा सोधछाङ्ग्रा बुझाउने पनि भन्दछन् ।

**जन्ती जाने :** केटा तथा केटी तर्फको सल्लाह अनुसार जन्ती तथा दमैको संख्या निर्धारण गर्दछन् । जन्तीको संख्या ८, १२ र शुन्य शेस पार्नु हुँदैन । सोमबार पाहुना आउने, मंगलवार जन्ती जाने, बुधवार बेहुली ल्याउने चलन यथावत् छ । अन्य जातिको भन्दा भिन्न चाँही जन्तीको साथमा बेहुला जाँदैनन् अघौरे र जन्तीलेनै बेहुली लिएर आउँछन् । तर अहिले

जन्तीसँग बेहुला पनि जाने चलन आएको छ । जन्ती मध्येको एक जनालाई लमी वा मूल जन्ती बनाउँदछन् । मूल जन्तीलाई माझी भाषा 'अघउरे' भन्दछन् ।

**सगुन खुवाउने** : जन्तीले आफ्नो साथमा चामलको एक घ्याम्पा जाँड, सिन्की माछा ल्याएको हुन्छ । माछा र सिन्कीको सितल बनाएर सबैभन्दा पहिले बर्छा गाडेको ठाउँमा जाँड र सितल चढाउँदछन्, त्यसपछि क्रमशः मडेउली केटीपक्षका बुढापाका, जन्ती र उपस्थित सबैलाई जाँड र सितन दिन्छन् । यो जाँडको घ्याम्पालाई सगुने भन्दछन् ।

**साइमुन्द्री बुझाउने समय** : कन्यादन दिने समयमा गरिने सम्पूर्ण विधिविधानलाई साइमुन्द्री भन्दछन् । अघउरे, मडेली एउटी, अघउरेलाई सहयोगी २-४ जना केही विधिविधान जान्ने जन्तीलाई भित्र बोलाउँदछन् ।

**बेहुली अन्माउने समय** : विहानको खाना खाइसकेपछि बेहुली अन्माउँछन् । बेहुलीलाई डोलीमा बोक्ने चलन छैन । सानै उमरेमा विवाह गरिने भएकोले पिठ्युमा बोक्ने चलन छ । घरबाट निकाल्दा पहिले दाजुले बोक्नुपर्छ । यसपछि विशेष र उसैका साथ जन्तीहरु नाच्छन्र ।

**बाटो छेक्ने** : घरबाट केही पर भान्छेभान्छेनीहरुले एउटा कपडा ओछ्याएर बाटो छेक्छन् । त्यो कपडामा अघौरेले तमाखु, सुर्ती, चुरोट, बिँडी केही भेटी राखिदिनुपर्छ । भान्छेनीहरुले पवित्र सगुनको रुपमा सालको पातको दुनामा जाँड दिन्छन् जन्तीहरुले उभिएरै त्यो सगुन खान्छन् । दाजुले बोकेको बेहुली यहाँबाट जन्तीले बोकेर हिड्छन् । ठाउँ ठाउँमा देवीदेवता, देउरालीलाई अघौरेले अक्षता भेटी र दमैले बाजा बजाउँदै धजा चढाउँदै बाटोभरि नाचगान गर्दै घर पुग्छन् ।

**लोकन्डे पाहुना** : बेहुली अनमाएको केही बेरपछि लोकन्डे पठाउँछन् । लोकन्डे एक जना पुरुष र एक जना महिला हुन्छन् । लोकन्डे पाहुना भरसक बेहुलकिो आमा, सानीआमा वा फुपु हुनुपर्छ । यी पाहुनाले एक घ्याम्पा जाँड र मासुको सितन कोसेली स्वरुप ल्याएका हुन्छन् । अघौरेले लोकन्डे पाहुनालाइसँगै ल्याउनु र जाँड बोक्न लगाउनुको लागि एकजना जन्तीलाई खटाउँछन् । उसले पाहुनाहरुलाई साथै लिएर आउँछ । कुनै ठाउँमा यही समयमा नै ढोगघेट

फुकाउँछन्, बेहुलीतर्फका बाबुआमा, ठुलोबा, ठुलीआमा, काकाकी सबै आउँछन्र । जन्तीहरुले यी पाहुनाहरुलाई पर्खेर हिड्छन्, सँगै घर पुग्छन् । जन्ती घरमा पुग्नसाथ घरभित्र पस्नु हुँदैन भित्राए वा पर्सेपछि मात्र पस्नुपर्छ । त्यसकारणले भित्र्याउने काम तयार नहोन्जेल बाहिर खुला ठाउँमा बस्न खटाउँछन्

**जग्गे बनाउने कामः** शुद्ध चामलको पिठोले एकपटी महिला र एकपटी पुरुष आकारको चित्र बनाएको हुन्छ यो चित्र बनाएको र सिन्दुर हालेको कटीपक्षकाले हेर्नु हुँदैन । अरुले नदेखोस् भनेर गुन्डी वा कपडाले छेकेर रेखी हाल्दछन् । रेखी हालेको माथिबाट चोखो गुन्द्री ओछ्याउँदछन् ।

**बेहुली भित्र्याउने समयः** पुरुषहरुले त्यस समयमा बेहुली भित्र्याउने भाखाले मादल बजाउँछन् । महिलाहरुले "आओ जन्त हो, भन्डारमा दिउँला बास" भन्ने खालको गीत गाउँदै भित्रबाट बाहिर आउँछन् । अघौरे, बेहुली सबै जन्ती आ-आफ्ना सबै सामानका साथ आँगनमा आउँछन् । घरको बलेसीमा एउटा काठको पीरा राख्छन् । त्यही पिरामा बेहुलीले सासुको खुट्टा धुनुपर्छ । सासुले बुहलीलाई अँगालो हालेर घरभित्र लान्छन्र र रेखिहाले र धोपेको गुन्द्रीमा राख्छन् ।

**फुरौला उछार्ने :** बेहुलाको आमाले पहिले बुहलालाई पछि बेहुलीलाई फूल, अक्षता, दुवोले टाउको, कुम, घुँडा र खुट्टामा धुवाएर दायाँ हातको बायाँ खुट्टाले बायाँ हातको दायाँ खुट्टाले थिचेर राख्छन् । यो क्रम तीन पटक गर्दछन् । लोकन्डे पाहुना आउने बेहुलीको आमा, सानीमा, काकी वा फुपुले फापरको पिठोको घ्यू तलमा डल्ला-डल्ला पारेर पकाएका फुलौरा बेहुला र बेहुलीको खुट्टा, घुँडा, कुम र टाउकोमा छुवाएर आफ्नो टाउको पछाडि फ्याँक्छन् । यसलाई फुलौरा उछोरेको भन्छन्र ।

**सिन्दुर हाल्ने समयः** रेखीहालेर त्यसमाथि गुन्द्री ओछ्याएको ठाउँमा दाया बेहुली, बाया बेहुला पारेर राख्छन्, बेहुलाबेहुलीको अगाडि बत्ती बालेर दियो कलश राख्छन् । विवाहको विधि जान्ने बुढापाका वा बेहुलाको भाइले कर्दको टुप्पाले बेहुलाको मुठी पारेको दाहिने हत्केलामा

सिन्दुर राखि दिन्छ र बेहुलाले बेहुलीको मुठी पारेको दाहिने हत्केलामा सिन्धुर राखी दिन्छ र बेहुलाले बेहुलीको सिउँदोमा सिन्दुर लगाईदिन्छ । यसरी तीनपटक सिन्दुर हाल्दा, पोते लगाई दिँदा छेउछाउमा बसेका जन्ती बुढापाकाहरुले ठूलो स्वरमा विवाह भयो, लगन भयो भन्छन् । त्यसैगरी बेहुलीले पनि बेहुलालाई सिउँदोमा तीनपटक सिन्दुर हाली दिन्छन् ।

**ठाउँ सार्ने समयः** बेहुलीलाई पलेटी मारेर बसाएर खुट्टाको बुढीऔंला दुवै हातले समाउन लगाउने बेहुलाले बेहुलीको दुवै पाखुरामा समातेर उचालेर आफू बसेको ठाउँमा राख्छन् । यसलाई ठाउँ सार्ने भन्दछन् । बेहुली ठुली र बेहुला सानो छ भने बेहुलाले उचाल्न नसकेर ठूलो हाँसो हुन्छ । बेहुला बेहुलीको ठाउँमा गएर उभिन्छ । बेहुलीले दौराको फेरमा समातेर के दिन्छन् भनेर सोध्नुपर्छ, बेहुलाले विभिन्न गहना दिन्छु भनेपछि बेहुलीले दौराको फेर तानेर आफूसँग बसाउँछे ।

**जुठो खुवाउने समय :** बेहुला बेहुलीको अगाडि काँसको डबकामा जाँड र माछा राख्छन् । विधि गर्ने बुढापाकाले माछा बेहुलालाई खुवाउन खोजे जस्तो गर्दछन्, खानु खोज्दा खान दिँदैनन् । यस्तो तीन पटक गर्छन् । तेश्रो पटकमा थोरै खान दिन्छन् । जाँड पनि त्यही क्रममा गर्छन् । बेहुलीलाई पनि सोही अनुसार गर्दछन् । बेहुला बेहुलीले थोरे थोरै खाएर जुठो पारेपछि बेहुलापटिको भाग बेहुलीपटी, बेहुलीपटीको भाग बेहुलापटी सगुनको रुपमा राखेको जाँड र माछा राखी दिन्छन् ।

**लगन गाँठो पार्ने :** बेहुला र बेहुलीको पछेउरा गाँठो पार्दै बुढापाकाहरुले “तिमीहरु आजदेखि लोग्नेस्वास्नी भयौ । एक अर्काले हित चिताउनु तिमीहरुको जोडी, परेवा, चखेवाको जस्तो होस्” जस्ता विभिन्न अर्ती उपदेश दिन्छन् ।

**माड घुम्ने** अगाडि राखिएका कलश एउटा कन्या केटी र अर्को केटाले बोक्छन् । जन्ती बर्छा, खुँडा, तरवार बोक्छन्, मडेउली तेलको ठेकी बोकेर अगेनोको वरिपरि ३ पटक घुमेर यथा स्थानमा बस्छन् । बेहुला र बेहुलीको अगाडि कलश थापेर बत्ती बालेर राखेको हुन्छ, त्यसेको छेउमा एकएक ओटा थाल राख्छन् । लोकन्डे, पाहुना, निम्तालुहरु, गाउँलेसमेत सबैले बेहुला

बेहुलीलाई टीका लगाई आशिर्वाद दिन्छन् र आफ्नो गच्छे अनुसारको दक्षिणा त्यही थालमा राखिदिन्छन् । बेहुलाबेहुलीले टीका लगाई दिने सबैलाई ढोग्छन् ।

**सिन्दुर धुने** : विहान घामको झुल्कोमा बेहुला, बेहुली, अघौरे, मडेउली दमाई, जन्ती खोला वा कोशीमा सिन्दुर धुन जान्छन् । यो समयमा दमै जन्तीहरु खुब रसका साथ छाता घुमाएर उफ्रीउफ्री नाच्छन्, मादल बजाउँछन् । खोला कोशीमा पुगेर बेहुलीको मडेउलीले र बेहुलाको जन्तीले सिन्दुर धोइदिन्छन् । यो लगनको सिन्दुर नधोए कुनै डाइनी बोक्सीले त्यो सिन्दुर धोइदिन्छन् । यो लगनको सिन्धुर नधोए कुनै डाइनी बोक्सीले त्यो सिन्दुर भेट्यो भने बहुलाउने पार्ने, छुटानाम गराउँछन् भन्ने विश्वास राख्छन् । विवाहपछि महिलाले सिन्दुर लगाउने चलन थिएन अहिले कसैकसैले क्षेत्री बाहुनको सिको गरेर लाउन थालेका छन् । ठटेउली गर्नेहरुले खोलामा सिन्दुर धोइसकेपछि त्यहीबाट सानासाना ढुङ्गा टिपेर यो नानी हो भनेर बेहुला र बेहलीलाई पछेउरामा पोको पारेर बोक्न लगाउँछन् ।

**वटुवा राख्ने कामः** ठिक्की घ्याम्पामा एक घ्याम्पा जाँड, सानो सोलीमा एक सोली रोटी, भुटेको एक टपरी मासु ।

**सम्धीन कोसेलीः** एक घ्याम्पा जाँड, एक डालो सेलरोटी, विशेष किसिमले पकाएको ठुलाठुला सेल रोटी २, बाबर २, घाँटी नछिनाई काटेको कुखुरको आन्द्रासमेत सफा गरेर पुनः भित्रै राखी तेल वेसारमा लटपट पारेको वा साधारण पकाएको सग्लै पोथी कुखुरा समेत अनिवार्य चाहिन्छ ।

**मावलि बुझाउनेः** मावलीको लागि एक कुलिन जाँड, रोटी, मासु, सितन र साँप्रो एक पठाउनु पर्छ ।

**पोका पठाउनेः** एक टपरी सेलरोटी, यो कोसेली गाउँघरका दाजुभाई इस्टमित्र सबैलाई पठाउनुपर्छ । यो गएको दिन बेलुका नै वितरण गर्नुपर्छ । यो कोसेली वितरण गर्ने काम बेहुलीको हुन्छ ।

**चिन्हाउने वा ढोगभेट गर्ने:** सगुन खाई सकेपछि बहेली अघिअघि बेहुला पछिपछि के-के नाता साइनो पर्ने सबैलाई नाता केलाएर ढोग्दै जान्छन् । यसरी ढोग्दा कुनै ठाउँमा वेहुलावेहुलीले पातमा केही केही पैसा पोको पारेर ढोगेर दिन्छन्, बेहुलाबुहुलीले दिएको पैसा केही थपेर बेहुलाबेहुलीलाई नै फिर्ता गर्छन् । यो ढोगभेटले बेहुली पक्षका को-को, के-के नाता पर्ने रहेछन् भन्ने कुरा बेहुलाले थाहा पाउने अवसर हो ।

**पाहुना खुवाउने:** यो भोज विहे घरबाहेक अरु दाजुभाई गाउँले मिलेर विहेमा आएका पाहुना र दुलान फर्काउन आएका पाहुनालाई खुवाउँछन् । पहिले नै आएकालाई पुराना र दुलान फर्काउन आएकालाई नयाँ पाहुना भन्दछन् । यी पाहुना खुवाउँदा जन्तीलाई दिने तरिकाले पात ओछ्याएर सगुन राख्ने त्यसलाई पातले छोपेर ठुलो मानसम्मानका साथ दिन्छन् । सबैको भाग आएपछि लौ लिउँ, लौ खाउँ भनेर सबैले हात जोडेर नमस्कार गरेपछि छोपेपछि पात हटाई सगुनको रुपमा जाँड पहिले खान्छन् । यो भोज खुवाउँदा सदभावपूर्ण, रमाईलो, ठट्टेउली, हँस्यौली गरेर खाने खुवाउने गदृछन् । यसको कारणले दिन बितेको थाहा नै हुँदैन । यसमा लागेको खर्च सबै गाउँलेले बेहोर्छन् । यसमा चिनजान ढोगभेट पनि गर्दछन् । यो भो ज्यादै रमाइलो र मनछुने हुन्छ ।

**भान्छे विदा गर्ने :** भोलिपल्ट बेलुका भान्छभोन्छेनी विदा गर्दछन् । गाउँका बुढापाका र भान्छेभान्छेनीहरुलाई वोलाउँछन् । घरका मानिसले खानपिनका सबै समान तयार पार्दछन् । बुढापका एकातर्फ र भान्छेभान्छेनी एक तर्फ बस्छन् । बुढापाकाले सबैलाई शान्त भएर बस्न लगाउँछन् विधि पूर्वक भान्छे विदाइ सकेपछि विवाह सकिएको मान्दछन् ।

**ढोकभेट फुकाउन वा सम्धिनी जोडाउने :** नयाँ सम्धीसम्धीनी ढोकभेट नफुकाई वा सम्धीनी नजोडी बाटोघाटो कही कतै सम्धी, सम्धीनी भेट भयो भने पनि बोलचाल गर्नु हुँदैन । ढोगभेट फुकाउँदा  कही कतै बेहुलीपक्षले निम्तो गर्छन भन्ने कतै बेहुलापक्षकले निम्तो गर्दछन् । जन्ती जाँदा नै यो “सम्धीनी निम्तो” भनेर सग्लो सुपारी दिन्छन् । कुनै ठाउँमा बेहुलीसँगै आउँछन् भने कुनै ठाउँमा कुनै चाडपर्व पारी निम्तो गर्दछन् । कुनै ठाउँमा दुवै तर्फका

सम्धीसम्धीनी मात्र हुन्छन् भने कुनै ठाउँमा सम्धीका दाजुभाई, सम्धी, सम्धिनी समेत हुन्छन् । ढोकभेट फुकाउन जाँदा कोसेली र सगुनमा जाँड, रक्सी, माछा अन्य सितन लिएर जान्छन् ।

**चोरी विवाह** : केटा पक्षबाट केटीको घर सल्लाह विना केटीलाई मात्र फकाइ/चोरी लैजाने गर्छन् र केटी पक्षलाई जानकारी सामान्य रुपमा वा सहमति हुने जस्तो भएमा सगुन सहित जानकारी पठाइन्छ । सो सगुन सदर भएमा रिती रिवाज अनुसार भोज भतेर गरी स्वीकृति दिइन्छ ।

**जारी विवाहः** अर्काको श्रीमती ल्याई सके पछि माझी जातिहरुको समुदायको प्रमुख व्यक्तिकोमा वा तोकिएको स्थानमा भेला भइ जारी लिनेको तर्फबाट साथमा लगेको गरगहना तथा सम्पत्ति फिर्ता नयाँ श्रीमानको तर्फबाट जारी रकम तोकी भाका तिर्न लगाइन्छ । यसरी जारी विवाह पनि सदर गरिन्छ ।

**विदुर/विधुवा विवाहः** विधवाले अन्य पुरषलाई इच्छाएमा परिवारका स्वीकृतिमा विवाह नै गरिदिने चलन पनि रहेको छ । अन्यथा विधवा वा विदुरले सदुवा विदुर विधवालाई मनपराई समाजको स्वीकृति बेगर पनि विवाह गरेको पाइन्छ । समाजले परिस्थिती हेरी स्वीकृति दिने गरेको पाइन्छ ।

**अन्तर जातिय विवाहः** अन्य जातिको केटी विवाह गरी ल्याएमा घरमा स्वीकृति दिएता पनि संस्कार जन्य पितृ तथा कुल पूजा जस्ता कार्यमा कर्ता भइ छोइछिटो गर्न नपाउने चलन छ । त्यस्तै अन्य जातिमा केटी गएमा पनि कुल , पितृ तथा अन्य संस्कार मा काममा अलग्गै बसि निम्ता मान्नु पर्ने चलन छ ।

### ६.५.६ मृत्युः

माझी समुदायमा मृत्यु पश्चात अन्तिम संस्कार घरबाट खोला वा घाटमा ल्याएर छोराले नङ, केश गरी सो लाई खोलामा बगाइन्छ । लासलाई दागबत्ती छोराबाट दिइन्छ ।

मलामी चोख्याउने काम एघारौँ दिनमा गरिन्छ जसलाई सानो काम भनिन्छ । यस समयमा रात भर धामी, झाँक्रीबाट पितृ कार्य गरी पिण्डमा अनिवार्य रुपमा माछा चढाई टपरीमा राखि खोलामा बगाइन्छ । मृत्यु पछि बार्ने कार्यलाई दु:ख बोक्ने भनिन्छ । दु:ख बोक्ने काम सोह्र सरादमा सकिन्छ ।

## ६.६ चाडपर्व र पूजाआजाहरु

### ६.६.१. बैसाखे पूर्णे

वैशाखे पूर्णेमा वायुको पूजा गर्ने भएकोले यसलाई वायुपूजा पनि भन्दछन् । मरेका पूर्खा पितृहरुलाई थान लगाई राख्दछन् । यसलाई वायु भन्दछन् । कसैले वर्षमा दुई पटक कसैले एकपटक वायु पूजा गर्दछन् । वायू पूजा गर्दा पुरुष वायुलाई भाले र महिलावायु भए पोथी कुखुरा बली चढाउँछन् । यो पूजाको प्रसाद कुनैपनि जातजातिले खानहुन्छ । यसलाई अन्य पितृकार्यको जस्तो प्रसाद कुनैपनि जातजातिले खानहुन्छ । यसलाई अन्य पितृकार्यको जस्तो प्रसाद मान्दैनन् । वायुको माटोको धुपौरो, पानस, घन्टी सफा गर्दछन् । अक्षेता, कपडा फेर्दछन् । यो पूजा गर्दा पूर्खा पितृहरु खुशी हुन्छन् भन्ने छ । घरमा कुनै दु:ख विमार हुँदैन । अन्न पानीको सह हुन्छ । शुभ्य फाप्य हुन्छ भन्ने माझी समुदाय मान्यता राख्दछन् । यो पूजामा चेलीबेटी, ज्वाइँचेला बोलाउँछन् । कसैकसैले खानपिन गराई टिका लगाई दक्षिणा दिने पनि गर्दछन् ।

### ६.६.२. संसारी पूजा

संसारी पूजा जेठमा शनिवार पारेर गरिने सामुहिक पूजा हो । कसैकसैले व्यक्तिगत रुपमा पनि गर्दछन् । सामुहिक गर्दा प्रत्येक घरबाट पैसा उठाई पाठी किन्छन् । पूजाको दिन प्रत्येक घरबाट, अक्षेता, धुप, भेटी, सुपारी एकैठाउँमा जम्मा पार्दछन् । गाउँको नजिक अग्लो डाँडामा देवता स्थापना गरी चामलको पिठोको रेखी हाली, धुपबत्ति बाली पुजारीले लौ परमेश्वरी संसारी माई, देसान-मसान हटाईदिनु, महामारी, हैजा, बिफर, ठेउला, खुरेत जस्ता रोगव्याधि आउन नदेउ, समय-समयमा पानी पारिदेऊ, गाउँको रक्षा गरिदेउ इत्यादि भन्दै बल पुकारा गरेर पाठी बली चढाउँछन् । बली चढाएको पाठीको मासु वा कुनै अक्षता, पाती गाउँघरमा ल्याउँदैनन् । बली चढाएको पाठी, परेवाको मासु प्रत्येक प्रसादको रुपमा सबैले खान्छन् । यो प्रसाद खान नछुने भैसकेका महिला जाँदैनन् । यो पूजा गाउँबाट कुनै खोला वा खोल्सा कटाएर गर्दछन् । प्रसाद पनि खोला, खोल्सा कटाएर ल्याउनु हुँदैन भन्दछन् ।

व्यक्तिगत रुपले यो पूजा गर्दा कुनै चोखो ठाउँमा लिपपोत अथवा खोचो पारी देवता स्थापना गरी धुप, बत्ती बाली, अक्षतापाती चढाई, पोथी कुखुरा बली चढाउँछन् । बली चढाएको कुराको मासु घरमा ल्याउँदैनन् । उपयुक्त ठाउँमा भात, मासु पकाई, घरका सबै परिवारले खान्छन् । यो प्रसाद खानमा महिलालाई प्रतिबन्ध छैन । पकाउन, खान प्रयोग गरेको भाँडा सफा नगरी घरमा ल्याउँदैनन्, ल्याए अनिष्ट हुन्छ भन्ने मान्यता राख्दछन् ।

### ६.६.३. आइतबारे

आइतबारे पूजा जेठ, असारमा आइतबार पारेर गर्दछन् । आइतबारे झाँक्री, झाँक्रेनीको स्थान गाउँको नजिकै पहरा वा चोखो ठाउँमा बनाउँछन् । झाँक्रीलाई भाले र झाँक्रेनीलाई पोथी कुखुरा पनि चढाउँछन् । धूप, बत्ती, अक्षेता र कोदोको पिठोको घिउ-तेलमा पकाएको बाबर चढाउँछन् । आइतबारेलाई वस्तुभाउको गोठालोको रुपमा पूजा गर्दछन् । पूजारीले वनजंगलको तष्कर, बाघ, भालु र भीर, पहराबाट वस्तुभाउ जोगाइदेउ इत्यादि भनेर बल

पुकार माग्दछन् । बली चढाएको कुखुराको पोलेको कलेजो, कोदोको बाबररोटी, जाँड प्रसादको रुपमा त्यहाँ गएका सबैले खान्छन् ।

### ६.६.४ साउने संक्रान्ति

साउने संक्रान्तिलाई लुतो फाल्ने संक्रान्तिका रुपमा मान्दछन् र जेठो चाड पनि भन्दछन् । अन्य साधारण चाडमा जस्तै राँगा, भैंसी, सुँगुर काट्दछन् । यस समयमा खेत रोपाईको चर्को काम भएपनि एकदिन केही आराम गरेर संक्रान्ति मनाउँछन् । बेलुका साँझमा लुतो फाल्ने गर्दछन् । लुतो फाल्दा भलायोको पात, कुकुरडाइनो, कुरीलो, ढोकामाथि घुसारेर राख्छन्. । यसो गर्दा घरभित्र भूत, प्रेत, देसान, मसान पस्दैन भन्ने मान्यता राख्दछन् । नाङ्लो उठाउदै अनिकाल जा, सहाल आइज भन्दै ठूलोठूलो स्वरले कराउँदै वारिकाले पारिकालाई, पारिकाले वारिकालाई, वल्लो गाउँकाले पल्लौ गाउँकालाई, पल्लो गाउँकाले वल्लो गाउँकालाई मेरो लुतो लिन आइज भनेर अगुल्टो फ्याँक्छन् । यसो गर्दा वर्षभरि लुतो आउँदैन भन्ने हो ।

यस चाडलाई दशैं जस्तै ठूलो चाडको रुपमा पनि लिन्छन् । माझी बुढापाकाहरु बाच्नेको दशैं मर्नेको साउने संक्रान्ति भन्दछन् । यो भनाईमा मूल कुरो के छ भने विशेष गरेर श्रावण भाद्रमा विभिन्न प्रकारका महामारी रोगबाट धेरै मानिस मर्ने गर्दछन् । श्रावण र भाद्रमा महामारी रोगबाट बाँचियो भने मात्र असोजमा दशैं मनाउन पाइने भएकोले मर्नेको लागि ठूलो चाड साउने संक्रान्तिलाई मानेका हुन । यो चाडमा बेलुका विशेष खानपिनको व्यवस्था गरिने भएकोले केटाकेटीहरु चाँडै सुत्न लागेभने आज राति देउताले जोख्छन् , जोख्दा धार्नी पुगेन भने मरिन्छ, धार्नी पुग्यो भने बाँचिन्छ । नखाईकन सुत्यो भने धार्नी पुग्दैन भनेर बच्चाहरुलाई समेत खानपिन गराएर मात्र सुत्न दिन्छन् । यस चाडमा ज्वाइँचेला, चेलीबेटीलाई बोलाउने, ख्वाउने चलन अझै छ । श्रावण महिनाभरि देवताहरु गुफा बस्दछन् वा पाताल जान्छन् भन्ने माझी जातिहरुको विश्वास भएकोले अन्य कुनै पनि देवीदेवताको पूजाआजा गर्दैनन् भने धामीहरु साधारण झारफुक मात्र गर्दछन् चिन्ता बस्ने काम गर्दैनन् ।

### ६.६.५ दशैं

दशैं अशोज महिनामा पर्दछ । नेपालमा बसोवास गर्ने विभिन्न धर्मालम्विहरु मध्ये हिन्दूहरुको मुख्य चाड दशैं हो । दशैं लामो अवधिको सरकारी विदासहित देशभरि नै भव्य रुपले मनाउँछन् । दशैंको वारेमा माझी जातिको धार्मिक अवस्थामा केही उल्लेख गरिएकोछ । अन्य जातले जस्तो औंसीमा जमरा राख्ने, नौ दिनसम्म पूजापाठ गर्ने, जमरामा बली चढाउने गर्दैनन् । अरुभन्दा आफूलाई विशेष सम्झिने कसैकसैले जमरा राख्न थालेका छन् । रामेछाप चिसापानीका १०२ वर्षिय मिझार पाइते माझीका भनाई अनुसार ७५/८० वर्ष पहिलेदेखि भटौली र खिम्तीमा सबभन्दा पहिले दशैको टिका लगाउन शुरु गरेका हुन । दशैंमा रातो टिका लगाउन चाहिँ २०२५ सालको दशैंदेखि हो । अझै पनि सबै माझी गाउँमा दशैंको टिका लगाउँदैनन् । हिन्दू संस्कारको सिको गरी अहिले माझीहरुले यसप्रकारले दशैं मनाउन थालेका छन् ।

जमरा राख्ने औंसीपछि कसैले कमेरो, कसैले रातोमाटोले घर लिपपोत अथवा सिँगार्ने गर्दछन् । दशैंमा घर सिँगारपटार गरेको छैन भने त्यो घरमा जुठो परेको रहेछ भन्ने जनाउँछ । घर सिँगार्नुलाई घर चोख्याउनु पनि भन्दछन् । अप्ठेरो र अग्लो ठाउँमा पुरुषहरुले र सजिलो ठाउँमा महिलाहरुले लीपपोत गर्दछन् । कमेरो लगाएकोमा तलबाट रातोमाटोले लिप्छन् । यसलाई कन्दनी लगाएको भन्दछन् । रातो माटो लगाएकोमा कसैकसैले कालो रँगको कन्दनी लगाउँछन् । घरको झ्यालढोकामा सालको बोक्रा पकाएर त्यसबाट निस्किने रँग लगाउँछन् भने खट्प्वाल, खोपामा विभिन्न रँगले अनेक प्रकारका बुट्टा पनि बनाउँछन् ।

फूलपातीको दिन दशैंमा सराद गर्नेहरुले पानी राख्ने वा पितृ भुलाउन भन्दछन् । यस विषयमा बढी चर्चा मृत्यु संस्कारमा उल्लेख गरिएको छ । सोऱ्ह सरादमा सराद गर्नेले फूलपातीको दिन विहान विभन्न प्रकारका देवीदेवतालाई भाकल, निम, कुखुरा, पाठी, हाँस बली चढाउँछन् । दिउँसो गाउँका सबैलाई कसलाई के कतिको मासु चाहिने हो त्यसको लागि पहिले नै जोहो गरी राखेको राँगा, भैसीं, सुँगुर काटेर भागबन्डा गर्दछन् । परिवारमा कोही परदेश गएको छ भने पनि त्यसको समेत भाग लगाएर जाँड, रक्सी, मासु, भात खान्छन् । अष्टमी र नवमीकोा दिन अहिले अन्य जातजातिको सिको गरेर आ-आफ्नो घरमा पनि खसी, सुँगुर, राँगा

काट्ने गरेका छन् भने गाउँका सबैलाई आवश्यकता अनुसार राँगा, भैंसी, सुँगुर काट्छन् । युवायुवतीहरु नाचगानसहित लिँगो, चर्खे पिँग हालेर खेल्छन् । खानपिनबोहक कुनै पूजाआजा गर्दैनन् । दशमी अथवा टिकाको दिन राजाले टिका लगाउने साइत पारेर दही, अक्षताको टिका लगाउँछन् । टिका लगाउँदा बुढापाकाले श्री ५ को टिको, श्री ५ कौ प्रताप र कुलपितृको शक्तिले दुबो मौलाएको जस्तो मौलाउनु, वरपिपल तपे जस्तो तप्नु सन्तानले डाँडाकाँडा ढाकुन् नाम चलाएर खानु, दिइ खाने हुनु, सबैको आसा पुऱ्याइदिने हुनु, मिझारको ज्वाइँ वा बुहारी हुनु जस्ता आशिष दिन्थे ।

अहिले केही पढेलेखेकाहरु हिन्दू धर्मशास्त्रको प्रभावले आयुद्रोणसुते पनि भन्न थालेका छन् । टिका लगाईसकेपछि दुवो, सयपत्री, मखमलीको फूल लगाई दिन्छन् । दशैंमा विभिन्न देवीदेवतालाई निम, भाकल वापत बली चढाउँछन् भने अन्य कुनैपनि पूजाआजा गर्दैनन् । यो चाडमा कसैलाई पनि निम्तो गर्दैनन् । टिकापछि कूलपूजा गर्दा भने चेलीबेटी, ज्वाइँचेला अन्य विभिन्न नातागोतालाई निम्तो गर्दछन् । टिकाको दिनदेखि पूर्णिमाको दिनसम्म मान्यजनको हातबाट टिका लगाई आशिष थाप्ने चलन छ । कुनैकुनैले अहिलेसम्म टिका लगाउँदैनन् खानपिनमा भने फूलपातीको दिन सात, अष्टमीको दिन आठ, नवमीको दिन नौ र दशमीको दिन दशपटका खानुपर्छ भन्दछन् । अन्य जातजातिको सिकोले गर्दा अहिले ससुराली, माइती, मावली मान्न जाँदा खसी, साँप्रो, कुखुरा, जाँड, रक्सी, रोटी लिएर जाने र कोसेली अनुसार वा आफ्नो मान्छे अनुसारको दक्षिणा दिई टिका लगाइदिने चलन छ ।

### ६.६.६ तिहार

तिहार कार्तिक महिनामा मनाउँदछन् । माझी समुदायको तिहार पनि दशैंजस्तै पछि मात्र मनाउन थालेका हुन् । तिहारमा भैलो, देउसी खेल्ने चलन भने धेरै पुरानो हो । देउसी, भैली औंसीदेखि एकादशीसम्म खेल्दछन् । देउसी खेल्दा माझी गाउँमा भट्याएर देउसीरे भन्ने र ख्याली, विभिन्न भ्याउरे, चुट्का गीत गाएर नाचगान गर्दछन् भने अन्य जातजातिको गाउँघरमा ख्याली, विभिन्न भ्याउरे, चुट्का र सरादमा गाइने भाकाले गीत गाएर ढोल, मादल,

झ्याली बजाएर नाचगान गर्दछन् । भाकाले गीत गाएर ढोल, मादल, झ्याली बजाएर नाचगान गर्दछन् । यसरी देउसी, भैलो खेलेर प्राप्त भएको पैसा अन्नले पहिलेपहिले वनभोज खाने गर्दथे भने अहिले सामाजिक काम गर्ने गर्दछन् । पहिलेपहिले जस्तो एकादशीसम्म देउसी, भैलो खेल्ने छोडेका छन् । भैलो खेलेर घर आउनेदिन पितृ बगाएको जस्तै गरेर खौला समेत बगाउँछन् ।

दशैमा टिका लगाउन आउँदा चेलीबेटी, दिदीबहिनीहरुको तिहारको टिका लगाउने निम्तो पनि दिन्छन् । त्यही निम्तोको आधारमा कोही दिदीबहिनीको घरमा जान्छन् भने कोही दिदीबहिनी नै माइतीको घरमा आएर टिका लगाइ दिन्छन् । दाजुभाईले दिदीबहिनीलाई आफ्नोगच्छे अनुसारको टिका लगाएर दक्षिणा दिन्छन् । दिदीबहिनीले दाजुभाईलाई टिका लगाएर माला लगाईदिन्छन् । दाजुभाईलाई फूलको माला नलगाउन्जेलसम्म आफूले फूल लगाउँदैनन् । दाजुभाईलाई लगाइदिने माला दिकोको अघिल्लो दिन नै तयार पार्दछन् । टिकाको दिन माला उन्नु हुँदैन भन्दछन् । माला उन्यो भने दाजुभाईको मुटुमा सियोले घोचेको जस्तै हुन्छ भन्ने मान्यता राख्दछन् । टिका लगाइदिएपछि दिदीबहिनीहरुले सगुनको रुपमा जाँड, रक्सी, निगार, माछा, मासु, रोटी, तरकारी, अचार, विभिन्न प्रकारका मसला दिन्छन् ।

### ६.६.६ गोठको धुप वा मंसिरे पुर्णे

गोठको धूप मंसिरे पूर्णिमाका दिन गर्दछन् । त्यसकारणले यसलाई मंसिरे पूर्णे पनि भन्दछन् । गाईको ठाउँमा वा कुनै चोखो ठाउँमा लिपपोत गरी गैंडु, गोसाँ, माहोदव गोवरको कुण्ड बनाएर दुध चढाई देवता स्थापना गर्दछन् । महादेव गोबरको कुण्ड बनाएर दुध चढाई देवता स्थापना गर्दछन् । महादेवको स्थानमा चामलको पिठोको रेखी हाली त्रिशुल बनाउँदछन् । रेखी हालेको ठाउँमा तीनवटा पात भएको बेलपाती राखी त्यसमाथि अक्षेता, बाबर र खीर चढाउँछन् । नौनी घिउ र अमलाको पात मुछेर धुप बनाउँछन् । महादेवको स्थानमा पातमा धुप र आगो राख्दछन् । महादेवलाई धुप हालिदिनु हुँदैन, आफै हाल्छन् भनेर अलग अलग राखिदिन्छन् । कुखुराको टाउको, खुट्टा धोएर गहुँ, दूध छदै, धुप हाल्दै, सबै कुखुरा बोकेर गोठ वा पूजा स्थानको वरिपरी तीन फन्का भुम्छन् । धुप हाल्दै वस्तुभाउको रक्षा गरिदिनु भन्ने

खालको बल माग्दै कुखुरा बली चढाउँछन् । बली चढाएको कुखुराको कलेजो आगोमा पोलेर चढाउँछन् ।

पूजा सकिएपछि प्रसादको रुपमा खीर, बाबर, कुखुराको कलेजो, गोलमाडी, जाँड प्रसादको रुपमा खान्छन् । बाँकी रहेका सम्पूर्ण सामान बली चढाएका कुखुरा सबै बोकेर पुनः धुप हाल्दै दूध, गहुँत छर्दै गोठ वा पूजा स्थान वरिपरी तिनफेरो घुम्छन् । यो पूजामा कसैकसैले वायु पूजा पनि गर्दछन् । पूजा सकिएपछि एउटा सानो कुखुराको भाले चल्ला गोठको देवताको नाममा सिंदुर अक्षेता टाउकोमा लगाई पानी हालेर मनाएर छोड्छन् । यसलाई देवताको भाले भन्दछन् । अर्को वर्ष वली दिँदा यही कुखुरा बली दिन्छन् । यसरी पालेको भालेले वस्तुभाउमा कुनै अनिष्ट हुने छ भन्ने संकेत दिन्छ भन्दछन् । यो कुखुरालाई हिर्काउनु वा खुट्टाले छुनुहुँदैन-देवता सिराउँछन् भन्दछन् । एक वर्षसम्म छिप्पिएको भालेले ज्यादै वदमासी गर्दछ । मान्छेलाई पनि ठुग्न आइलाग्छ । यो पूजामा छोरीचेली, भान्जाभान्जी अन्य पाहुना पनि निम्ता गर्दछन् । वली चढाएको मासुले नपुग्ने भएकाले राँगा, सुँगुर पनि काट्छन् । गाउँका बुढापाका, इष्टमित्र, ज्वाइँचेला एकैठाउँमा बसेर खाँदा ज्यादै रमाईलो मान्दछन् ।

मंसीरमा धान थन्काउने बेलामा भूमेदेवता को लागि भूमेपाथी भनेर धान पाठीले भरेर छुट्याउँछन् । तिहारमा टिका लगाई दिँदा दिदीबहिनीलाई कम खर्च परोस् भनेर भूमेपाथि छुट्याएको सबै धान दिदीबहिनीलाई नै दिन्छन् । त्यी धानबाट जाँड, रोटी, भात बनाउँछन्. ।

### ६.६.८ माघे संक्रान्ति

माभे संक्रान्ति केही फुर्सदको समय भएकोले मात्र भएपनि राम्रोसँगले यो चाड मनाउँछन् । यो चाड कन्दमूलसमेत खाने भएकोले मसान्तको दिन बेलुका तरुल, सखरखण्ड, पिडालु, उसिन्छन् । फुलौरा, सेलरोटी पकाउँछन् । चामल, मकैको जाँड, कोदोको रक्सी, पहिलेदेखि नै जोहो गरेर राख्छन् । विहान राँगा, सुँगुर, खसी काट्छन् । विभिन्न देवीवताको भाकल, नीम पूजा गर्दछन् । भाकल पूजा गर्दा पाठी, परेवा, कुखुरा, बोका बली चढाउँछन् । यो चाडमा चेलीबेटी, ज्याँईचेलालाई निम्ता गर्दछन् । निम्तालुहरु र घर परिवारका सबै बसेर

तरुल, फुलौरा, माछा, मासु, खिचडी, जाँड, रक्सी, निगार खान्छन् । गाउँघरका बुढापाकालाई बोलाएर यसै प्रकारको खानेकुरा दिन्छन् । दिनभरी नै खाने, खुवाउने, रउसेहरु नाचगान गर्ने गर्दछन् । एकदिनको मात्र भएपनि यो चाड ज्यादै रमाइलोको साथ मनाउँछन् ।

### ६.६.८ चैते दशैं

बुढापाकाहरु चैते दशैं नै मूल दशैं हो भन्दछन् । चैतमा दशैं मनाउँदा गर्मीले गर्दा खाना नपच्ने जसले गर्दा विभिन्न प्रकारको रोग आउने र असोजमा दशैं मनाउँदा फुर्सदको समय, केही ठन्डा हुने, खाना पच्ने भएकोले चैतबाट असोजमा दशैं सारेका हुन् भन्ने माझी बुढापाकाहरुको भनाइ छ । असोजमा मनाइन दशैं जस्तो चैते दशैं मनाउँदैनन् । गाउँघरका सबैलाई पुग्नेगरी राँगा, भैंसी, सुँगुर काट्छन् । कसैकसैले यस चाडमा पनि नजिकैका चेलीबेटी, ज्वाइँचेला बोलाइ खुवाउने गर्दछन् । कसैकसैले विभिन्न देवी देवतालाई बोका पाठी कुखुरा हाँस बली चढाउँछन् ।

## ६.७. पूजाआजा

### ६.७.१ कूलपूजाः घर्नी

बुढापाकाहरु माझी जातिको कूल देवता भीमसेन हुन् भन्दछन् । कूलपूजा पहाडमा दशैंको टीकापछिको कसैले मंगलवार र कसैले शनिवार पारेर गर्दछन् । मधेशतिर मंसिरे पूर्णिमामा र न्वागीमा पनि गर्दछन् । कूलपूजा गर्दा पहिलो दिन घर्नी र दोस्रो दिन ठूलो पूजा गर्दछ् , घर्नीलाई कसैले लखमी पनि भन्दछन् । कूलपूजा ठूलो र सानो हुन्छ । ठूलो पूजा गर्दा घर्नीलाई पाठी र भिमसेनलाई राँगा, बोका, हाँस, कुखुरा बली दिन्छन् भने सानो गर्दा घर्नीर्लार कुखुराको पोथी र भिमसेनलाई बोका, कुखुरा बलि दिन्छन् । कसैले आज घर्नी गर्ने भोलि खाली र पर्सीमात्र भिमसेनको पूजा गर्दछन् भने कसैले चाहिँ घर्नीको भोलिपल्ट भिमसेनको पूजा गर्दछन् । मधेशतिर कसैले घर्नी र भिमसेनको एकै दिन पूजा गर्दछन् भने कसैले कूल पूजामा घर्नी मात्र पूजा गर्दछन् । घर्नीमा देवता स्थापना गर्नको लागि घरमा थानी बनाएर राखेको सबैभन्दा जेठो वायु महिलाको पानस, दिनबार पारेर नुहाइ-धुवाई चोखो-निधो गरेर पकाएको एक कुलीन जाँड पानी रोटी (.गोलमाडी), एक टपरी नातो बाँधेर राख्दछन् । टोटलाको फूल र बेलपाती अनिवार्य चाहिन्छ । ढेकीमा कुटेको चल्देन । माझी बुढापाकाहरुको भनाई अनुसार

कुसुवार थरिकाले सात र दनुवार रिकाले दश रेखी हाल्दछन् । अन्य थरहको बारेमा खोजी हुनु जरुरी छ ।

घर्नी बेलुका घर भित्र गर्दछन् । कुनै ठाउँमा विहान उज्यालो नहुँदै पनि गर्दछन् । घर्नीको प्रसाद खान सबै दाजुभाई आउनु पर्दछ । नीम्तो वा खबर सबैलाई गर्नुपर्छ । घर्नी गर्ने भनेर थाहा पाएर पनि आएन भने दाजुभाईबाट समेत अलग हुन्छ । त्यसकारणले सन्तान मध्येको एक जना भने पनि अनिवार्य उपस्थित हुनै पर्दछ । घर्नी गर्दा आफ्ना दाजुभाइ मात्र भित्र पस्नुपर्दछ । अरुले नदेखोस् भनेर ढोका थुनेर खटप्वाल समेत टाल्नु पर्छ । कुटुम्ब वा अन्य जातजातिले भित्र पस्नु वा हेर्नु हुँदैन । घर्नी पूजा गरेको प्रसाद दाजुभाइ मात्र घरभित्र खानुपर्छ । खाइसकेर खाएका भाँडा, दुना, टपरी समेत बाहिर निकाल्नु हुँदैन घरभित्रै खाल्टो खनेर सबै फोहर, दुना, टपरी र भाँडा सफा गरेको पानी समेत त्यही खाल्टोमा पुरी घर लिपपोत गरी सफा गरिसकेपछि मात्र अन्य नाता-कुटुमब घरभित्र पस्नु हुन्छ । घर्नी गर्दा बलि दिइने पाठी वा कुखुराको पोथी कुनै चोटपटक नलागेको वा कुनै जनावरले घाइते पारेको वा जुठाएको हुनुहुँदैन ।

### ६.७.२ कूल पूजा : भिमसेन पूजा

भिमसेन वा कूलपूजा शनिवार वा मंगलवार पारेर गर्दछन् । हरियो गोवरले पाँच ठाउँमा लिपेर थान बनाउँछन् । दनुवार थरकाले पाँचै ठाउँमा ढुङ्गा राखी देवताको स्थापना गर्दछन् भने कुसुवार थरकाले ढुङ्गा राख्दैनन् । बली दिइने जनावर, पक्षी चोखो हुनुपर्छ । अन्य पूजा सामग्री पनि ज्यादै चोखो-निधोका साथ तयार पार्नु पर्दछ । अक्षेता, भेटी, विभिन्न धुप, टोटलाको फूल र वेलपाति अनिवार्य चाहिन्छ । सके पन्चे बाजा भएन भने एउटा सनाही मात्र भने पनि दमाईलाई बजाउन लगाउछन् । बन्दुक पड्काएर बढाई पनि गर्दछन् । यो पूजामा चेलीबेटी, ज्वाइँचेला र अन्य इष्टमित्र पनि बोलाउँदछन् ।

पूजा सकिएपनि मान्यजनहरुबाट दही अक्षेताको टीका लगाउँछन्. र गच्छेअनुसारको दक्षिणा दिन्छन् । प्रसादको रुपमा राँगा, बोका, कुखुराको मासु, जाँड, रक्सी निम्तालु र

गाउँलेलाई समेत खुवाउँछन् । राँगा, बोका बलीमा जे चढाएको छ, त्यसको टाउको बीचमा फोरेर दायाँपट्टिको सिङ सहितको मिझरलाई र च्यापु गौरङ्गलाई एक-एक कुलिन जाँडसहित सिसार (मिजार गौरङ्गलाई मान्यता राख्ने दस्तुर) को रुपमा लान्छन् । मिझार गौरुङ्गले अक्षेताका टीका लगाई आशिष दिन्छन् ।

भोलिपल्ट विहान सावा (सभा) बस्छन् । त्यसमा गाउँका भद्र भलाद्मी सबै बोलाउँदछन् । सावा बस्दा सबै पूजा घरबाट बली चढाएको जनावरको गिदी, जीब्रोसहित मासु, जाँड त्यहाँ बसेका सबैलाई खुवाउँछन् । साइनो अनुसार ढोगभेट पनि गर्दछन्  प्रसाद पकाउन वितरण गर्नको लागि भान्से राख्दछन् । खुवाउने काम सकेपछि भान्छे विदा गर्दछन् । भान्छे विदा गर्दा भान्छे र ठाउँका बुढापाका बोलाउँदछन् । बुढापाकाले घरधनी र भान्छेहरुलाई अगाडि राखेर कूलदेवताको पूजा गऱ्यौं, पूजाको प्रसाद त्यसै खानु भएन पकाउनु, बनाउनु वितरण गर्न पऱ्यो, घरका मानिसले मात्र भ्याएनन्, तिमीहरु कसैले डाडू, कसै पन्यु, कसैले दपनी चलाई, सबैलाई बनाइ-तुल्याई खुवायौ, पुग्नेलाई पनि पुग्यो, नपुग्नेलाई पनि पुग्यो, सबैलाई भरीपूर्ण बनायौ, तिमीहरुले यस्तो काम सधैंभरि गरिरहन परोस्, घरधनीलाई कूलको शक्तिले भोटको नून, लासाको सुन, मधेसको लत्ताकपडा, माटो समाई अन्न, ढुंगा समाई द्रव्य होस्, परिपूर्ण बनाओस् भन्दछन् । बुढापाकाले बखानी सकेपछि पहिले बुढापाकालाई साइनोअनुसार भान्छेहरुले ढोकभेट गर्दछन् । घरधनीले बुढापाकाहरु र भान्छेहरुलाई सगुनको रुपमा मासु जाँड खान दिइ विदा गर्दछन् । यती गरिसकेपछि कूलपूजा सकिएको मान्दछन् ।

### ६.७.३ कोशीपूजा

माझी जातिको महत्वपूर्ण पर्व कोशीपूजालाई लदिपूजा, घाटपूजा, जखनीपूजा पनि भन्दछन् । यो पूजा खासगरेर पानीको पूजा हो । यो पर्व खास गरेर फागुन महिनामा मनाउँछन् । कुनै कुनै ठाउँमा बैशाख, असार, माघ महिनामा पनि मनाउँछन् । माझी जाति प्रकृतिपूजक

भएकोले नै कोशीको पूजा गरेका हुन् । यो पूजामा सप्तकोशीका सहायक नदी इन्द्रावती, सुनकोशी, तामाकोशी, दूधकोशी, लिखु (बरुण) र तमर गरी सातवटा कोशीको नाम लिएर पूजा गर्दछन्र । कोशीबाहेक विभिन्न देवीदेवता, कूलपितृको पनि पूजा गर्दछन् । यसमा छोरीचेली, नाता, कुटुम्बहरुलाई पनि निम्ता गर्दछन् । यस पूजामा माझीबाहेक अन्य कुनै पनि जातिलाई निम्तो गर्दैनन् । यो सामुहिक पूजा हो । विशेष चोखो निधो र निष्ठापूर्वक यो पूजा शनिवार र ंमंगलवार पारेर गर्दछन् । यसको पूजारी माझी जातिकै मिझार हुन्छ ।

## पूर्व तयारी

कोशीपूजा गर्ने समय आएपछि गाउँका सबै मानिस भेला भएर कोशीपूजा गर्ने दिन निधो गर्छन् । पूजा गर्ने २०-२५ दिन पहिले देवताको नाममा प्रत्येक घरबाट एकमाना चामल र परिवारका भात खुवाइसकेका बच्चादेखि बुढापाका र परदेश गएका छन् भने उसको कुनै निम्तालु पाहुना आउनेछन् भने उसको समेत जाँडको लागि र अन्य पूजा सामग्रीको लागि आवश्यक नगद पनि उठाउँदछन् । यसपालीको कोशीपूजामा कतिजना सहभागी हुन्छन् भन्ने समेत चामल उठाउँदा थाहा हुन्छ । यसरी चामल उठाउँदा प्रत्येक घरको सम्पूर्ण पुरुषहरु र महिला एकजनाको मात्र उठाउँदछन् । माझी समुदायबाहेक अन्य जात-जातिलाई यो पूजामा समावेश गराउँदैनन् । यसरी उठाएको चामक नुहाई धुवाई घर लिपपोत गरी चोखो मुखले देवताको नाम लिएर जाँड पकाउँदछन् । जाँडको लागि पकाएको भातलाई मर्चा मोलेर गाग्रामा नहालुन्जेलसम्म जाँड पकाउनेले पानीसमेत पनि खानुहुँदैन । यो जाँड नमिठो भयो भने देवता रिसाएको मान्दछन् । विशेष गरी यो पूजामा पकाएको जाँड नमिठो हुँदैन ।

## पूजाको पहिलो दिन

विहान माझीबाहेक अन्य विभिन्न जातजातिको कोशीपूजाको लागि अक्षता भेटी अन्य पूजा सामाग्रीहरु पूजारीको घरमा आफै ल्याइदिन्छन्, कसैले पठाइदिन्छन् । माझी समुदायमा विहान कुलपितृको पूजा, कोशी, विभिन्न देवीदेवतालाई निम (सालिन्दा दिने गरेको भाकल (

कार्यसिद्धि होस् भनेर गरेको कबोल) विवाह भाग (छोरोको विवाह गरेको वर्ष दिने) छोरो जन्मेको हर्षको इत्यादि विभिन्न नामले बोका, पाठी, कुखुरा बली चढाउँदछन् ।

पाहुनाहरु बोलाइएकोले आवश्यकता अनुसार मासुको लागी राँगा काट्दछन् । गाउँ घरपरिवारमा विशेष खुशीयाली छाएको हुन्छ । गाउँ घरपरिवारमा विभिन्न कारणे मनमुटाव भै बोलीचालीसमेत बन्द भएकाहरु पनि एक आपसमा बोल्ने रीसीवी नगर्ने मेलमिलापको वातावरण सृजना भै मिलाप भएको धेरै उदाहरण छन् । जसले गर्दा यो पूजालाई मेलमिलापको पर्वको रुपमा लिन्छन् ।

## पूजाको दोश्रो दिन

विहान पूजारीको घरमा गाउँका महिला, पुरुष र सबै पाहुनासमेत भेला हुन्छन् । यो पूजामा निम्तो नगरेका पाहुना ज्वाइँ, सम्धीसमेत आउनु हुँदैन । महिलाको समूहमा पुरुष, पुरुषको समूहमा महिला आउनु हुँदैन । माझी भाषाबाहेक अन्य भाषा बोल्नु पनि हुँदैन । पूजा अवधिभर गाउँ छाडेर बाहिर पनि जान हुँदैन । पानी ल्याउनु, वस्तुलाई पानी खुवाउनुबाहेक अन्य कुनै पनि काम ढिकी-जाँतो चलाउनु र माछा मार्नसमेत जानुहुँदैन । यी बन्देज लगाएका कुनै काम गरेमा सजाय स्वरुप जरिवाना लाग्छ ।

## पूजाको तेश्रो दिन

तेश्रो दिन पनि दोश्रो दिन जस्तै विहान बाधा फुकाउँछन् । बाधा फुकाइसकेपछि आफूखुशी गर्न पाउँछन् । बाधा फुकाइसकेपछि युवकहरु बल दाँज्ने हिसावले छेलो हान्ने खेल खेल्छन् । सबैभन्दा टाढा जसले फ्याक्न सक्छ त्यस वर्षको वलवान त्यही हुन्छ । उसलाई बुढापाकाले स्यावास दिन्छन् । उठाएको माना चामलको जाँड खाएर बाँकी रहेको पूजामा उपस्थित नभएका र बच्चाहरुको भाग सबैलाई भाग लगाएर बाँड्छन् । सबै विधि विधान सकिएपछि भान्सेहरुलाई सगुन खुवाएर विदा दिनुपर्छ । निम्तालुहरु त्यही दिन र कुनै भोलि पल्ट विदा हुन्छन् ।

## भान्से विदा गर्ने

भान्से विदा गर्दा पूजारी बुढापाका बसेर भान्सेहरुलाई विदा गर्दछन् । सगुन खाइसकेपछि बुढापाकाले जस्तो हामीले विभिन्न देवीदेवता लगायत कोशीपूजा गऱ्यौं । पूजाको प्रसाद त्यसै खानु भएन । पकाउनु, बनाउनु, तुल्उाउनुका साथै भागबण्डा गरेर सबैलाई वितरण गर्नु परेकोले कसैले डाडु, कसैले पन्यु, कसैले छपनी चलाए जो भएको सबै चिज बराबर वितरण गरे । खानेले पनि खाए, नखानेले पनि खाए, पाउनेले पनि पाए, नपाउनेले पनि पाए, पुग्नेलाई पनि पुग्यो, नपुग्नेलाई पनि पुग्यो, सबैलाई भरिपूर्ण भयो । आजदेखि डाडु चलाउनेको डाडू, पन्यु चलाउनेको पन्यु, छपनी चलाउको छपनी जसले जे चलाएको थियो त्यो सबै छुट्यो । यस्तो काम तिमीहरुको सधैंभरि गरिरहनु परोस् भन्छन् । भान्सेहरुले बुढापाका र उपस्थित सबैलाई साइनो अनुसार ढोग्दछन् । बुढापाकाले जे मनमा चितायो सोही पुगोस् भन्ने खालका आशिक दिन्छन् ।

# अध्याय सात
# आर्थिक अवस्था

## ७.१ परिचय

कुनै पनि मुलुकको विकासको सन्दर्भमा अर्थतन्त्र सबभन्दा महत्वपूर्ण तत्व हो । निर्माणात्मक, शैक्षिक र वैज्ञानिक योजनामात्र होइन । सामाजिक, धार्मिक, साँस्कृतिक आदि योजनाहरुको कार्यन्वयनमा पनि आर्थिक तत्वले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कतिपय विद्ववानहरुले समाजिक सम्बन्धलाई आर्थिक संरचनासँग समेत जोड्ने गरेका छन् समाज प्राचीन वा आधुनिक, ग्रामिण वा नगरीय, कृषिमुलक वा औद्योगिक जे जस्तो स्वरुपको भए पनि जीवन निर्वाहको निम्ति अनुकूल आर्थिक संरचनाको निर्माण गरिएको हुन्छ । उत्पादन, उपभोग, विनिमय एवं वितरण जस्ता पक्षहरु जुनसुकै समाजमा पनि आवश्यक पर्दछन् ।

सर्लाही जिल्लाको कर्मैया गा.वि.स मा बसोबास गर्ने माझीहरुले पनि आफ्नो जातीय परम्परा एवं आफ्नो बसोबासको क्षेत्रको भौगोलिक अवस्थालाई आत्मसात गरी जिवीकोपार्जन लागि सोही अनुरपको आर्थिक क्रियाकलाप अपनाएको पाइन्छ । यो कर्मैया गा.वि.स महेन्द्र राजमार्गमा पर्ने गा.वि.स हो । वागमती नदी, उर्बर भूमि, वनजंगल एवं नजिकै पर्ने हाट बजारले यस स्थानलाई यस कृषि, पशुपालन एवं व्यापार व्यवसायको सम्भावनायुक्त स्थान तुल्याएका छन् । यहाँका माझीहरुले आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक सीमा एवं यहाँ उपलब्ध व्यवासायिक सम्भावनालाई दृष्टिगत गरी आर्थिक क्रियाकलापलाई निर्धारण गरेका छन् ।

## ७.२ व्यवसाय

परिवारको दैनिक जिविकाको लागि अपनाइने मुख्य आर्थिक क्रियाकलापलाई व्यवसाय वा पेशाको रुपमा लिने गरिन्छ । आफ्नो आर्थिक एवं सामाजिक साँस्कृतिक, अनुकुलता एवं आफूलाई उपलब्ध सम्भावनाहरुको बीच रहेर व्यवसायको निर्धारण गर्ने गरिन्छ । यहाँका माझीहरुको व्यवसायलाई पनि यही कोणबाट हेर्नु र बुझ्नु पर्ने हुन्छ । स्थलगत अध्ययनमा यहाँ बसोबास गर्ने माझीहरुले ज्यालदारी, व्यापार खेती एवं जागीरलाई व्यवसायको रुपमा अंगिकार गरेको पाइएको छ । उपर्युक्त व्यवसायमध्ये कतिपय पविरले कुनै एक व्यवसाय अपानाएको पाइन्छ । भने कतिपय परिवारले कुनै एक व्यवसाय अपनाएको पाइन्छ भने कतिपय परिवारले चाँहि एकभन्दा बढी व्यवसाय अपनाएको पाइन्छ ।

तालिका नं १३

कर्मैया गा.वि.सका माझीहरुको पेशागत विवरण

| पेशा | परिवार | प्रतिशत |
|---|---|---|
| ज्यालादारी | द्धछ | टछाद्दड |
| व्यापार | ठ | ज्ञण |
| जागीर | घ | द्धाद्दढ |
| एकभन्दा बढी व्यवसाय | ज्ञछ | द्दज्ञाद्धघ |
| जम्मा | ठण | ज्ञणण |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

कुल ७० परिवार मध्ये ४५ परिवार ज्यालादारी, व्यापार ७ परिवार एकभन्दा बढी व्यवसाय १५ परिवार र जागिर मात्र गर्ने ३ परिवार रहेका छन् ।

### ७.२.१ ज्यालादारी

माझीहरुको वसोवास रहेको यो क्षेत्र मुख्य रुपमा कृषि प्रधान क्षेत्र हो । त्यस बाहेक सिंचाइ आयोजना, खोलामा ढुङ्गाको काम स्थानीय तहमा हुने विकास निर्माणको कामहरुमा ज्यालादारीको रुपमा काम गरेको पाइन्छ । कृषि प्रधान क्षेत्र भएकोले ज्यादारीमा संलग्न यहाँका माझीहरु मध्ये अधिकांशको संलग्नता कृषि मजदुरीमानै रहेको पाइन्छ ।

तालिका नं. १४

मजदुर ज्यालाको विवरण

| मजदुरीको विवरण | सुख्या ज्याला (रु.मा) | खानाखाएर (रु.मा) |
|---|---|---|
| हली | ज्ञण्ण | डण |
| गोरु सहित हली | घद्दण | द्दडण |
| धान रोप्ने खेताला | डण | टण |
| खन्ने खेताला | ज्ञण्ण | डण |
| उखु काट्ने | ज्ञद्दण | ज्ञण्ण |
| बाली थन्काउने | ज्ञण्ण | डण |
| ढुङ्गको काम | ज्ञटण | ज्ञद्धण |
| काठको काम | ज्ञटण | ज्ञद्धण |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

उपर्युक्त तालिकाबाट के स्पष्ट हुन्छ भने काठको काम, ढुङ्गाको काम र हली गर्नेको ज्याला उच्च रहेको छ, कृषि मजदुर बाहेक न्यून संख्यामा मात्र माझीहरु सीपयुक्त जनशक्तिको रुपमा रहेको देखिन्छ ।

### ७.२.२ व्यापार

व्यापार व्यवसायमा आश्रित संख्या १० प्रतिशत मात्र रहेका छन् भने अन्य व्यवसायका साथमा व्यापार अपनाउनले स्पष्ट रुपमा व्यापार मात्र गर्ने माझी परिवारको निम्न अनुसार छ ।

तालिका नं १५

व्यापार गर्ने माझी परिवारको विवरण

| व्यापारको किसिम | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| चिया खाजा पसल | ३ | ४२.८६ |
| किराना पसल | २ | २८.५७ |
| तरकारी पसल | २ | २८.५७ |
| जम्मा | ७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिकाबाट माझी परिवारको व्यापार संलग्नता स्थानीय प्रकृतिको माछा मासु मादक पेय पद्धार्थ र तरकारी सहितको किराना पसल गरेको देखिन्छ ।

### ७.२.३ खेती

यहाँका अधिकांश माझी परिवारको जीविकाको मूख्य आर कृषि क्षेत्रको ज्याला मजुदूरी भएता पनि अध्ययनमा खेती व्यवसायमा मात्र केन्दित रहेर जिविकोपार्जन गर्न सक्ने परिवार न्यून पाइयो । कृषि व्यवसायलाई, जग्गा जमिनको स्वामित्वको अवस्थाले जग्गाको वितरण आवश्यक पर्ने देखिन्छ ।

#### ७.२.३.१ जग्गाको वितरण

माझी परिवारको जग्गाको वितरणको स्थिति निम्न अनुसार देखिन्छ ।

तालिका न. १६

माझी परिवारको भूमि वितरणको विवरण

| जग्गाको वितरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा जमिन नहुने | घड | छद्धाद्दढ |
| ०-१० कठ्ठा हुने | द्दछ | घछ्राठ |
| ११ कठ्ठा देखि १ विगाह हुने | छ | ठाज्ञद्ध |
| १ विगाह भन्दा माथि हुने | द्द | द्दाडठ |
| जम्मा | ठण | ज्ञणण |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

यहाँको कूल ७० परिवार माझीमा आधा भन्दा बढी ३८ परिवार माझीहरुको जग्गा जमिन नभएको देखिन्छ भने १० कठ्ठा सम्म मात्र हुने २५ परिवार हुनुले माझीहरुको जग्गा जमिन अपर्याप्त भएको देखिन्छ । जम्मा २ परिवारको १ विगाह भन्दा माथि भएको पाइन्छ ।

### ७.२.३.२ खेती माथिको निर्भरता

अध्ययनबाट खेतीबाट यहाँको माझी परिवारको भरण पोषणका लागि निर्भरता निम्नानुसार देखिन्छ ।

तालिका न. १७

माझी परिवारमा खेती माथि निर्भरताको स्थिति

| खान पुग्ने अवधि | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ महिना भन्दा कम | द्धद्द | टण |
| १ महिना देखि ३ महिना सम्म | ज्ञघ | ज्ञडाछठ |
| ३ महिना देखि ६ महिना सम्म | ठ | ज्ञण |
| ६ महिनादेखि ९ महिना सम्म | घ | द्धाद्दढ |
| वर्षैभरी | छ | ठाज्ञद्ध |
| जम्मा | ठण | ज्ञणण |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

यहाँ आफ्नो खेतीले १ महिना पनि नपुग्ने संख्या ६० प्रतिशत छ भने १ महिना देखि ३ महिना सम्म खान पुग्ने १८.७५ रहेका छन् । वर्षैभरी खानपुग्ने जम्मा ७.१४ प्रतिशत मात्र रहेका देखिन्छ ।

### ७.२.४ जागीर

अध्ययनबाट कूल माझी परिवार मध्ये जागीरमा पूर्ण निर्भरता १ परिवार (१.४२%) रहेको देखिएको छ भने बाँकी जागिर पेशामा रहेता पनि परिवार भरण पोषण गर्न खेतीपातीमा पनि आंशिक निर्भर रहनु परेको २ परिवारको (२.८५%) को अवस्था देखिएको छ ।

### ७.२.५ पशुपालन

यहाँका मानिसहरुको पशुपालनमा पनि संलग्नता देखिएको छ । अध्ययनबाट प्राप्त तथ्यांङ्कको आधारमा यहाँ पशुपालन संलग्न माझी परिवारको विवरण निम्न अनुसार छन् ।

तालिका न. १८

पशुपालनको गरेका पशुको विवरण

| पशु | सङख्या | प्रतिशत |
|---|---|---|
| गाई/गोरु | ज्ञद्दण | द्दट |
| बाखा/बोका | द्दज्ञड | द्धड |
| सुँगुर | ज्ञद्ध | घ |
| भैँसी/पाडा | ज्ञण्ठ | द्दघ |
| जम्मा | द्धछढ | ज्ञण्ण |

स्रोत स्थलगत अध्ययन, २०६८

यहाँ जम्मा गाई गोरु १२०, बाखा बोका २१८ सुँगुर, बङ्गुर १४ भैँसी राँगा १०७को संख्यामा रहेको देखिन्छ ।

### ७.२.६ पंछीपालन

यहाँका माझीपरिवार मध्ये धेरै जसोले कुखुरा, परेवा, हाँस, लौकट मध्य कुनै न कुनै पन्छी पालन गरेको देखिन्छ ।

तालिका नं १९

पंछीपालन गर्ने माझीपरिवारको विवरण

| विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पंक्षी पालन गर्ने | टद्ध | ढज्ञाद्धघ |
| पंक्षी पालन नगर्ने | ट | डाछठ |
| जम्मा | ठण | ज्ञण्ण |

स्रोत स्थलगग सर्वेक्षण, २०६८

यहाँका कूल माझी परिवार मध्ये ६४ परिवारले कुनै न कुने पंक्षी पालेको देखिन्छ भने ६ परिवारले भने पंक्षी पालेकै पाइदैन । तालिकाबाट अधिकांश माझी परिवारले पंक्षी पालेको देखिन्छ ।

# अध्याय-आठ

# सारांश र निष्कर्ष

## ८.१. सारांश

प्रस्तुत अध्ययन शोधपत्रको मुख्य उद्देश्य जनजाती अन्तर्गतका माझी समुदायको सामिजक र साँस्कृतिक अवस्थाको अध्ययन गरी यथार्थ रुपमा चित्रण गर्नु नै हो । माझी जातीहरुको विगत ज्यादै दयनीय अवस्थाबाट गुज्रिएको मा आज भोली माझीहरुमा आएको पविर्तन परम्परागत पेशा छाडी अन्य पेशा अपनाउने र त्यसका असर सामाजिक शैली परिवर्तन ले माझी सँस्कृति, सम्पदा, मुल्य मान्यता, परम्परा, धर्म लगाएतका पक्षहरुमा देखिएको प्रभाव साँस्कृतिक विचलन जस्ता पक्षहरुको वारेमा ब्याख्या विवेचना गर्नु स्वयम माझीहरुको जीवनशैली उनीहरुमा आएको बैचारिक परिवर्तनबाट राज्य सञ्चालनमा सहभागिता ब्यापार, नोकरी आदीमा न्यून मात्रामा सहभागिताको सुरुवात भएको हुँदा निकट भविश्यमा सिङ्गो देशमै माझीहले आफ्नो प्रतिनिधित्व कसरी प्रस्तुत सोधपत्र अध्ययनको मूल्य ध्येय हो ।

अन्वेषणात्मक र वर्णात्मक ढाँचामा गरिएको प्रस्तुत अध्ययन कूल ७० घर परिवारमा छरिएको छ । स्रोतमा अनुसन्धानलाई मौलिक र यथार्थ रुपमा प्रस्तुत गर्न अनुसनधानमा घरका घरमुली विभिन्न उमेर समूहका व्यक्तिहरु, गृहणीहरु सो जातिका बारेमा जानकारहरुलाई अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट स्वयम सोधकर्ताले पनि सहभागी अवलोकन र अनुभव जस्ता विधि अंगाली २०६८ साल पौष देखि चैत्र सम्म सर्लाही जिल्लाको माझी समुदायको बारेमा खोज अध्ययन अनुसनधान गरिएको छ ।

मझी समुदायको घरको वनावट टालीले छाएका बाँसको वा पटा काठको वेरा वार लगाएका अधिकमात्रामा छन् भने टालिको छानो भएको इटाको पर्खाल भएको १ तल्ले घर पनि छन् भने तल वाखा वाध्न कुखुरा राख्न मिल्ने गरी टाएलले घर पनि पाइन्छ । कनै घरमा माथि आफू वसेपनि आर्थिक समस्याका कारण साना खरका वा फुसक भुइतल्ले घरमा वस्ने परिवार पनि छन् ।

कर्मैया गा.वि.स. मा चौथो ठूलो सङ्ख्यामा रहेको माझी समूदायको वसाई धेरै जसो कर्मैया वडा नं : ३,७ र ८ मा रहेको छ । उनिहरु आफ्नो समुदायबाट गा.वि.सको उपाध्यक्ष सम्म १ पटक भएका हुन् । उनिहरु आफैपनि एकै परिवारमा सयुक्त परिवारमा राखेको ज्वलन्त उदाहरण भएता पनि द्रुत परिवर्तन का कारण हालका दिनमा संयुक्त भन्दा एकात्मक पारिवारिक संरचना भएको परिवार संख्या नै वढी देखिएको छ। अध्ययनको क्रममा एकात्मक परिवारको घरधुरी सङ्ख्यामा ४५ र संयुक्त परिवारको घरधुरी सङ्ख्या २५ रहेको छ ।

सरकारले शिक्षालाई निःशुल्क वनाएको दशक वितिसक्दा पनि भौगालिक संरचनागत आधारमा सूगम गा.वि.स भएता पनि माझी समुदायको मानिसहरुमा शिक्षा आर्जन पट्टी खासै रुचि नभएको वा जातीगत संस्कारका कारण पढ्न नपर्ने झन् ३० प्रतिशत साक्षर छन् भने ७० प्रतिशत निरक्षर छन् ।

उच्च शिक्षा तर्फ एस.एल.सी उतिर्ण जम्मा ५ जना मात्र भएका जुन भर्खर ११/१२ पढ्दै गरेका मात्र छन् । उच्च शिक्षा हासिल गरेर सरकारी सेवा प्राविधिक क्षेत्रमा लाग्ने त छैनन् । हालका दिनमा आएर प्रहरी र सेना तर्फ छिट फुट जागिरे भएका छन् भने शिक्षाको अवसरबाट वञ्चित भएका कारण नै देशको विविध क्षेत्रमा पढ्न कठीन देखिन्छ ।

माझीहरुको स्वास्थ्य स्थिति खासै सन्तोषजनक पाइदैन । यिनीहरु विरामी हुँदा नजिकको स्वास्थ्य चौकी र झीकीमा विश्वास गर्ने हुँदा झारफुक अझै पनि डाक्टर भन्दा फुक्नेमा वढी विश्वास गर्ने गर्दछन् । आर्थिक अभावका कारण वालबालिकामा कुपोषण र काम अनुसारको खाद्यान्य को अभावमा वयस्कहरुमा पनि पोषणको अभाव झल्कन्छ । यी कुराहरुमा पोषणयुक्त खानेकुराको अभाव र अन्यकारण पनि हुन सक्छ । घरको तल्लो तल्ला वा जजिकै कुखुरा वाखा र वस्तुको गोठ हुनाले पनि रोगका कारण वन्ने गरेको हुन् ।

माझीहरु नेपालमा प्राचिन कालदेखि नै वसोवास गरी आएको हुँदा यिनीहरु नेपालको प्राचिन जाती र आदिवासी जनाजती भएको कुरामा कुनै विवाद छैन । प्राचिन काल देखिनै

कोशीको अन्यत्र पनि नदी किनार वा सोही आसपास क्षेत्रमानै वसोवास भएको पाइन्छ । आँशिक रुपमा अचेल माझी अर्थात जनजातीहरु मध्यकै माझी जातीहरु सामाजिक रुपले पिछडिएका पनि साँस्कृतिक तथा परम्परा मूल्य मान्यतामा धनी छन् ।

अझै पनि यिनीहरुको माछा मानै पशुपालन कृषि मा यिनीहरुको संलग्नता रहेकै छ । कारण यो समुदाय विगतमा अन्य वैकल्पिक पेशा नगरेका कारण पनि स्वाभाविक रुपमा संस्कृति परम्पराको जगेर्ना र सञ्चालनमा यीनिहरु सक्रिय छन् । यद्यपी वर्तमान समयमा माझी समुदाय पनि परम्परागत पेशाबाट दाढिदै अन्य वैकल्पिक पेशामा लाग्ने क्रम तिव्र भएको कारण माझी संस्कृति र परम्परा पनि लोपोन्मुख र खतरान्मुख हुदै गेरहेको छ ।

माझी समुदायको सामिाजक संस्कारलाई हेर्दा छोराको न्वारन, पास्नी छेवर विवाह गर्दछन् । भने छारीलाई न्वारान पास्नी र विवाह गर्दछन् । यिनीहरुको बुढा पुरानाका भनाइमा तान्त्रीक धर्म मानिएता पनि जनगणना २०५८ र अनुसन्धानको क्रममा पनि कसेले सो धर्म उल्लेख नगरी हिन्दुनै भनेका हुन् यहाका माझीहरुको चाड पर्व विवाह र मृत्यु कर्ममा ठुलो मात्रामा धनराशी खर्चिने गर्दछन् ।

माझीहरुको परम्परागत पेशामा आकर्षण घड्दै जाने क्रमसंगै वैकल्पिक पेशाको रुपमा वैदेशिक रोजगारी, व्यापार व्यवसायका क्षेत्रमा यिनीहरुका लगाव संगै आवश्यक लगानीका लागि पुर्ख्यौली जग्गाविक्री वितरण गर्ने गरेको पाइएको छ । जसका कारण पुर्ख्यौली पेशाा खास हुने त छदैछ अर्को यस वागमती नदीको पानी अधिकम मात्रामा दुवै तर्फी नहरमा प्रबाह गर्नाले माटा पार्ने पेशा पनि प्राय लोप भै सकेको छ । यि आदि कारणबाट पनि वैकल्पिक पेशा रोक्न माझी समुदाय बाध्य छन् ।

उल्लेखित कुराहरुलाई हेर्दा समग्रमा माझी समुदायको पुरानो पुस्तामा पछौटे पन, शिक्षा, चेतनाको अभाव भएको पाइएता पनि नयाँ पिढीमा विकास, परिवर्तन र शिक्षाको माधयबाट देशको मुल धारमा ल्याउन राज्यले छुट्टै व्यवस्था गरेमा यो जातीले आफ्नो पहिचान वनाउन सम्भव हुनेछ ।

## ७.२. निष्कर्ष

माझी समुदायको सामाजिक र साँस्कृतिक पक्षहरुको स्थलगत सर्भेक्षण र विभिन्न ज्ञाताहरुको भनाइहरु समेतको आधारबाट के भन्न सकिन्छ भने माझी जाती नेपालको प्राचीन जन जातीहुन् । जातीगत शिक्षाको रुपमा खोलामा डुङ्गाा खियाउनु, माछा मार्नु, पितृ कार्यमा माछा चाहिनु, वसोबास प्राय खोलाकै तिरमा त्यसमा पनि सवैको पुख्यौली थलो कोशी गढतिर हुनुबाट पनि यो समुदाय निश्चय नै आदिबासी हुन् । ता पनि यस क्षेत्रका माझीहरु भने परम्परागत पेशाबाट टाढिएका नयाँ वैकल्पिक दिशामा संलग्न हुदै गएको अवस्थामा छ ।

पुराना पुस्ताका मानिसहरुमा पुरुष र महिलालाई हेर्ने दृष्टिकोण अझसम्म रहेको पाइएता पनि नयाँ पुस्तामा पुरुष र महिलालाई हेर्ने दृष्टिमा परिवर्तन भैसकेको छ । पुराना त्यसमा पनि आफ्ना नयाँ पुस्तामा केटा केटीलाई हेर्ने दृष्टिकोण समाज नै छ । मात्र उनिहरु आफ्ना पुस्ताको महिला र पुरुषमा असम्भव दृष्टिकोण राख्दा त्यसकारण नयाँ पुस्ताका कुनै पनि महिलाको महिला र पुरुषमा असम्भव दृष्टिकोण राख्दछन् । त्यसकारण नयाँ पुस्ताको कुनै पनि महिलाको शैक्षिक सामाजिक र साँस्कृतिक लगाएतका पक्षहरुमा समान पहुचको अवस्थाबाट विमुख द्वन्द्व परेको अवस्था छैन । समग्रमा महिलाको स्थिति पनि सुधारोन्मुख र सन्तोषजनक रहेको छ ।

स्वास्थ क्षेत्रमा पनि यो समुदायका मानिसहरु परम्परागत उपचार पद्दती जस्तै झारफुक वैद्यलाई बैकल्पिक र आधुनिक उपचार पद्दतीलाई प्राथमिक उपचार पद्दतिको रुपमा लिने गरेकाले यिनीहरुको स्वास्थ्य स्थिति पनि सन्तोषजनक नै रहेको छ । यद्यपी यहाँ स्वास्थ्य क्लिनिक मात्र हुन् । यी सवै यहाका माझी समुदायमा भाएको चेतनाको विकास र शैक्षिक जागरणको उपज हो । धेरै सामाजिक व्यवहार साँस्कृतिक चलन प्रथा परम्परा चाडपर्वमा धन निकै खर्चिलो हुँदा केही एक दुई परिवारलाई छाडेर खासै सन्तोष गर्ने ठाउँ रहेको पाइदैन ।

# सन्दर्भग्रन्थ सूची


आर.डी र एल.एल. (२०२३) *नेपालका विभिन्न जाति र लोकगित एक परिचय,* ललितपुर : जगदम्बा प्रकाशन ।

कडेल, राजनऋषि (२०६३) *रामेछाप जिल्ला चिसापानी गा.वि.स का माझी जातिको सामाजिक साँस्कृतिक पक्ष एक अध्ययन* (अप्रकाशित शोधपत्र) समाशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, त्रि.वि.,कीर्तिपुर ।

कानून किताब व्यवस्था समिति, (२०२२), *श्री ५ सुरेन्द्र विक्रम शाहदेवको शासन कालमा बनेको मुलुकी ऐन,* (परिशिष्ट-ख) कामाडौँ : श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

चौधरी, विष्णुदेव (२०५६) नेपाल जातीय लोकसंस्कृति एक सिंहावलोकन, काठमाडौं ।

राष्ट्रिय जनगणना प्रतिवेदन (२०५८) । "केन्द्रिय तथ्याङ्क विभाग", थापाथली, काठमाडौं ।

नेपाल, अरुण (२०५६) माझी जातिको सामाजिक तथा साँस्कृतिक जीवन (अप्रकाशित शोधपत्र) समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल सरकार सूचना विभाग (२०३१) । "मेची देखि महाकाली सम्म", भाग १-४, सूचना विभाग, काठमाडौं ।

न्यौपाने गोविन्द, (२०००) *नेपालको जातीय प्रश्न,* काठमाडौं : सेन्टरफर डेभलपमेन्ट स्टडिज, ।

आदिवासी जनजाती उत्थान राष्ट्रिय कार्यदल प्रतिवेदन (२०५६)

पोखरेल, बालकृष्ण (२०३०) राष्ट्र भाषा ललितपुर : साझा प्रकाशन ।

पोखरेल, पोष्टराज रौतहटका माझी जातिको सामाजिक र आर्थिक जीवन (अप्रकाशित शोधपत्र) केन्दीय नेपाली इतिहास संस्कृति तथा पुराातत्व विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डे, मधुसुदन (२०६०) । “नेपालको जनजातिहरु” पैरवी प्रकाशन, काठमाडौं ।

प्याकुरेल, विजया, (२०४७) माझी जातीको सामाजिक, साँस्कृतिक अध्ययन (अप्रकाशित शोधपत्र) इतिहास केन्द्रीय विभाग, कीर्तिपुर,

विष्ट डोरबहादुर, (२०३४), सबै जाजको फुलबारी, ललितपुरः साझा प्रकाशन ।

शर्मा, जनकलाल, (२०३९), हाम्रो समाज : एक अध्ययन, ललितपुर : साझा प्रकाशन ।

शर्मा, नगेन्द्र, (२०५०), नेपाली जनजीवन, ललितपुर : साझा प्रकाशन ।

सम्पादक मण्डल, (२०४०) नेपाली बृहत शब्दकोष, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ।

सूचना विभाग, (२०५५), नेपाल अधिराज्यको संक्षिप्त परिचय, काठमाडौं : श्री ५ को सरकार सूचना मन्त्रालय, सूचना विभाग ।

सूचना विभाग, (२०३१), मेची देखि महाकाली (खण्ड २) काठमाडौं : श्री ५ को सरकार सूचना मन्त्रालय, सूचना विभाग ।

ज्ञवाली, भाष्कर (२०५८) गुल्मी जिल्ला वम्घा गा.वि.स. का माझी जातीको साँस्कृति अध्ययन (अप्रकाशित शोधपत्र) केन्द्रिय नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभाग, त्रि.वि., कीर्तिपुर ।

गल्म्ए च्भउयचत, दृण्ड। *ऋबकतभ बलम भ्तजलष्अष्तथ।* ल्भउर्बा ज्ाबल म्भखभयिऊभलत च्भउयचत, प्वतजबलमग

# प्रश्नावली

**१. व्यक्तिगत विवरण**

**(क) अन्तवार्ता दिनेको नाम**

**उमेरः** **थरः** **लिङ्ग**

**शिक्षा** **पेशाः** **भाषाः**

**नागरिकताः** **धर्मः**

**२. पारिवारीक विवरण**

| क.स | नाम | परिवार मुली सँग नाता | उमेर | लिङ्ग | पेशा | शिक्षा | मासिक आय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

३. परिवारको सदस्य संख्या साक्षर.............. निरक्षर..........

४. यस स्थानमा बसोवास भएको कति वर्ष भयो ?

५. तपाईहरु कुन भाषा वोल्नु हुन्छ ?

६. तपाइहरु कुन ठाउँ बाट कहिले यहाँ आउनु भएको हो ?

७. तपाइहरुको पूख्यौली थलो कहा हो ?

(क) तराइ　　ख) पहाड

८) आर्थिक अवस्था

क) घर व्यवहार चलाउने मुख्य आय स्रोत के हो ?

१)मजदुरी २) व्यापर व्यवसाय ३) नोकरी　　४) कृषि　　५) अन्य.........

ख) तपाईको जग्गा जमिन कति छ ?

१) रोपनि　　२) कठ्ठा

ग) वासस्थान छ की छैन ?

घ) के कस्ता पशु पंक्षी पाल्नु भएको छ ?

| क.स | पशु | पंक्षी | अधिया | आफ्नो | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ङ) परिवारमा कमाउने व्यक्ति कति छन् ?

च) घरको अन्य स्रोतले खान पुग्छ ?

१) पुग्छ　　२) पुग्दैन

ज) पुग्छ भने कति महिनालाई पुग्छ ?

झ) पुग्दैन भने कति महिनालाई पुग्दैन ?

ञ) कृषि उत्पादन कति हुन्छ ?

१) मकै......... २) धान......... ३) तोरी...........

४) आलु ........... ५) गहु............ ६) अन्य......

ट) काम खोज्न कहाँ जानु हुन्छ ?

ठ) उद्योगमा काम गर्न जानु हुन्छ या हुँदैन ?

ड) उद्योगमा काम गर्ने भए कुन समयमा जानु हुन्छ ?

ढ) उद्योगमा कस्तो खाले काम गर्नु हुन्छ ?

१) प्रशासनिक २) मजदुरी ३) चौकीदार ४) प्राविधिक

५) अन्य कुनै

ण) पशुपालन व्यवसाय गर्नु भएको छ ?

१) छ २) छैन

त) यदि गर्नु भएको छ भने कुन व्यवसाय गर्नु भएको छ ?

क) भेडा वाखा ख) गाई ग) भैसी घ) घाँस ङ) अन्य

थ) खेतीका लागि ऋिण लिनु भएको छ / छैन ?

द) लिनु भएको भए कहाँ बाट ?

क) कृषि विकास बैंक

ख) गाउँकै मानिस सँग

ग) सहकारी

घ) अन्य

तपाइको वार्षिक खर्च कति हुन्छ ?

१) ..................

२) ....................

३) ..................

न) वढी वर्च  केमा गर्नु हुन्छ ?

१) खानेकुरा   २) चाडपर्व   ३) लुगाफाटा   ४) शिक्षा   ५) अन्य .............

व) हाट वजार मेलामा सामानहरु के के वेच्न लाग्नु हुन्छ ?

१) वेच्ने सामान छैन ?   २) वेच्छु

क) सब्जी

ख) माछा मासु

ग) अन्य सामान

फ) घर खर्च कसले गर्छ ?

१) महिला   २) पुरुष   ३) घरमुली   ४) अन्य

ब) पूख्यौली सम्पत्ति (जमीन) अझै छ की वेच विखन गर्नु भयो ?

भ) घरको किसीम

१) कच्ची

२) पक्की

३) गाह्रोको प्रकार

क) खर   ख) टायल   ग) ढलान   घ) जस्ता

४) छानोको प्रकार

क) बाँसको टाटी   ख) सिमेन्छ   ग) माटोको भित्ता

म) छोरा छोरीलाई स्कुल पठाउने गर्नु भएको छ / छैन ?

१) छ   १) छैन

य) छोरा र छोरीमा फरक मान्नु हून्छ ?

१) मान्छु : छोरा भएको राम्रो ........................, छोरी भएको राम्रो...........

(२) मान्दिन :

ल) अन्य जातका माझी सँग वैवाहिक सम्वन्ध छ /छैन ?

१) छ २) छैन

व) संचारका साधन क के छन् ?

१) टि.भी

२) रेडीयो

३) भीडियो

४) टेप

स) खाना पकाउनको लागि के प्रयोग गर्नु हून्छ ?

१) ग्यास २) दाउरा ३) गुइठा

ष) जाति अनुसार गरिने मुख्य पूजा ( कुनै ३ मात्र)

१) ...................

२) ....................

३) ..................

श) तपाइको उन्नतीको लागि सरकारबाट कस्तो सहयोग चाहनु हून्छ ?

**अन्तरवार्ताको क्रममा सोधीने प्रश्नहरुको सुची**

- तपाइहरु कुन ठाउ बाट कहिले यो ठाउमा आउनु भएको हो ?
- तपाइहरुको पूख्यौली थलो कहाँ थियो होला ?
- तपाइहरु कुन भाषा वोल्नु हुन्छ ?
- तपाइहरुको जात थर र गोत्रको वारेमा केही वताइ दिनु हुन्छ कि ?
- देवी देवताको पूजा आजा कसरी गर्नु हुन्छ ?
- तपाइहरुले पुजा गर्ने देवी देवताहरु के के हुन् ? नाम वताइदिनु हुन्छ की ?
- कुलदेवताको रुपमा के के देवी देवताको कसरी पुजा गर्नुहुन्छ ।
- तपाइको परिवारमा को को हुनुहुन्छ ?
- छोरा र छोरीमा के भएको राम्रो ?
- विवाह गर्दा के के गर्नु हुन्छ ?
- कोही विवाह नगरी भागेर पोइल गएमा के गर्ने ?
- विधवा विवाह गर्ने चलन छ /छैन ? छ भने विधवा विवाह गर्नेलाई के गरिन्छ ?
- विवाह गर्दा कुरो छिन्ने काम देखी दुलही ल्याउने काम सम्मको सवै विस्तार पूर्वक भन्न सक्नु हुन्छ ?
- तपाइहरु भन्दा तल्लो जात कुन कुन हुन् ?
- तपाइहरु कुन कुन जातले छोएको खानु हुन्छ ?
- यहाँको अन्य जाति सँगको तपाइहरुको सम्वन्ध कस्तो छ ?
- अन्य जातिको घरमा तपाइहरुको आउ जाउ कस्तो छ ?
- तपाइहरुलाई आमा, बुबा, दाजुभाई सहितको परिवारमा वस्न मन लाग्छ कि छुट्टै बस्न ?
- सगोलमा वस्दा हुने सुविधा/ असुविधाहरु के के हुन् ?

- भिन्दै वस्ता हुने सुविधा/ असुविधाहरु के के हुन् ?
- तपाइहरुको जातिमा मिजारु/ गौरुङ्ग / पछुवा / वर्छेको काम के हो ?
- तपाइहरु भुतप्रेतमा पनि विस्वास गर्नु हुन्छ ?
- विरामी पर्दा पहिले धामी झाक्रीकोमा लैजानु हुन्छ की अस्पताल ?
- तपाइहरु पाहुनलाई कसरी स्वागत संस्कार गर्नुहुन्छ ?
- तपाइहरु कुन कुन चाड मनाउनु हुन्छ ? कसरी मनाउनु हुन्छ ?
- तपाइहरुको जातिमा वच्चा जन्मिदा के के गरिन्छ ? न्वारान कहीले को बाट कसरी गरिन्छ ?
- छेवर गर्दा अपनाउनु पर्ने विधि के के हो ?
- पास्नीमा के के गर्नु पर्छ ?
- तपाइहरुको जातिमा पुरोहित को हुन्छ ?
- तपाइले जन्मे देखि मृत्यु सम्म गर्ने सँस्कार के के हुन् ?
- संस्कारहरु सम्पन्न गर्न के कस्तो विधि सम्पन्न गर्नु पर्छ ?
- तपाइहरु जातिगत मुख्य पेशा के हो ?
- दैनिक ज्याला कति पाउनु हुन्छ ?
- तपाइहरुलाई अरु थप केही भन्नु छ कि ?

**आफ्नो जातिको वारेमा झर्को नमानिकन खुलस्त वताइ दिनु भयो**

**धन्यवाद ।**